मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १३८ ● २०८० साल चैत्र २६ गते सोमबार ● Monday 08, April 2024 ● सूर्योदय: बिहान ५:४८ बजे ● सूर्यास्त: साँझ ६:२६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# स्वदेशी उद्योग संरक्षण नीति बनाउन उद्योगीको माग



**अनिलकुमार अग्रवाल**
अध्यक्ष
वीरगंज उद्योग वाणिज्य संघ

सरकार फेरिएपिच्छे करका नीति फेरिँदा उद्योगी व्यवसायी मर्कामा परेका छन्, उधारो कानुनको अवधारणा तत्कालै ल्याउन जरुरी भइसकेको छ ।



**विजयकुमार सरावगी**
पूर्वअध्यक्ष
वीरगंज उद्योग वाणिज्य संघ

कुनै वस्तु वा उपकरणमा अस्वाभाविक रुपमा कर वृद्धि गरिदिने हो भने चोरी तस्करी मौलाउने गर्छ, पर्याप्त अध्ययन अनुसन्धान गर्न जरुरी छ ।



**सुबोधकुमार गुप्ता**
पूर्वअध्यक्ष
वीरगंज उद्योग वाणिज्य सङ्घ

राज्यले करको दर कुनै उद्योग वा व्यक्तिलाई फाइदा पुग्ने गरी निर्धारण गर्न हुन्न, कुनै व्यक्ति वा उद्योगको सीमित स्वार्थमा लाग्नुहुँदैन ।



**ओमप्रकाश शर्मा**
पूर्वअध्यक्ष
वीरगंज उद्योग वाणिज्य सङ्घ

सङ्घीय राजधानीसँग वीरगंज जोड्ने छोटो दूरीको सडक लामो समयदेखि निर्माण सम्पन्न नहुँदा वस्तु तथा सेवाको ढुवानीमा निकै समस्या देखिएको छ ।



**अशोककुमार टेमानी**
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेश

हरेक जिल्लामा औद्योगिक वातावरण तयार पारिनुपर्छ । वीरगंज सुक्खा बन्दरगाहसँगै जोडिएको ६६ बिघा तत्कालै अधिग्रहण गरिनु पर्छ ।



**रामप्रसाद घिमिरे**
राजस्व सचिव
अर्थ मन्त्रालय

सरकारले उद्योगी व्यवसायीले दिएको सुझाव अवलम्बन गरेर आगामी आर्थिक वर्षको बजेट तथा नीति कार्यक्रममा समावेश गरिनेछ ।

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगञ्जका उद्योगी व्यवसायीले आगामी आर्थिक वर्षको नीति तथा योजनामा आर्थिक मन्दीका कारण चपेटामा परेका उद्योग–व्यवसायलाई संरक्षण र प्रवद्र्धन गर्ने गरी बनाउन माग गरेका छन् । उनीहरुले नीति तथा योजना र आगामी आर्थिक वर्षको बजेटमा उद्योग व्यवसाय संरक्षण र प्रवद्र्धन हुनसक्ने गरी आउनु पर्ने बताए ।

अर्थ मन्त्रालय र वीरगंज उद्योग वाणिज्य सङ्घले गरेको राजस्व परामर्श तथा बजेट तयारीसम्बन्धी अन्तरक्रियामा सहभागी
उद्योगी–व्यवसायीले मुलुकको आर्थिक सङ्कटले उद्योगधन्दा धरासायी हुने अवस्थामा पुगेकाले स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति ल्याउन अनुरोध गरे । सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले सरकारको कर नीति उद्योगमैत्री नहुँदा उद्योगी व्यवसायी मर्कामा परेको बताए । 'सरकार फेरिएपिच्छे करका नीति फेरिँदा उद्योगी व्यवसायी मर्कामा परेका छन्,' उनले भने, 'सरकारले उधारो कानुनको अवधारणा तत्कालै ल्याउन जरुरी भइसकेको छ ।'

सङ्घका पूर्वअध्यक्ष तथा वीरगंज महानगरका पूर्वनगरप्रमुख विजयकुमार सरावगीले सरकारले निश्चित वस्तुमा आयात प्रतिबन्ध लगाउँदा अवैध तरिकाले चोरी तस्करी मौलाइरहेको बताए । 'कुनै वस्तु वा उपकरणमा अस्वाभाविक रुपमा कर वृद्धि गरिदिने हो भने चोरी तस्करी मौलाउने गर्छ,' उनले भने, 'सरकारले कुनै वस्तुको राजस्व दररेट परिवर्तन गर्दा पर्याप्त अध्ययन अनुसन्धान गरेर मात्रै गर्दा उपयुक्त हुने देखिन्छ ।'




सङ्घका मधेश प्रदेश अध्यक्ष अशोककुमार टेमानीले सरकारले हरेक जिल्लामा औद्योगिक क्षेत्र निर्माण गरेर औद्योगिक वातावरण तयार पार्नुपर्ने बताए । 'जसरी जापानले उत्पादन हुने सबै वस्तु तथा उपकरणमा 'मेड इन जापान' (जापानमा बनेको) भनेर प्रचारप्रसार गरेको छ । हामीले पनि त्यसैको सिको गरेर स्वदेशमा उत्पादन हुने सबै खाद्य सामग्रीलाई 'अर्गानिक नेपाल' भनेर 'ब्रान्डिङ' गर्न जरुरी भइसकेको छ,' उनले भने, 'स्वदेशी उद्योगलाई विभिन्न सहुलित तथा अनुदान दिएर भए पनि स्थानीय उत्पादन वृद्धि गर्न ढिला गर्नुहुँदैन ।' प्रदेश अध्यक्ष टेमानीले वीरगंज सुक्खा बन्दरगाहसँगै जोडिएको ६६ बिघा जग्गा तत्कालै अधिग्रहण गरेर राख्नुपर्ने सुझाव दिए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष सुबोधकुमार गुप्ताले राज्यले करको दर कुनै उद्योग वा व्यक्तिलाई फाइदा पुग्ने गरी निर्धारण गर्न नहुने सुझाव दिए । 'राज्य कुनै व्यक्ति वा उद्योगको सीमित स्वार्थमा लाग्नुहुँदैन,' उनले भने, 'समग्र क्षेत्रको विकास गर्ने उद्देश्यले अघि बढेमात्रै मुलुकले आर्थिक उन्नति हासिल गर्न सक्छ ।'

संविधानसभाका सदस्य तथा सङ्घका पूर्वअध्यक्ष ओमप्रकाश शर्माले सङ्घीय राजधानीसँग वीरगंज जोड्ने छोटो दूरीको सडक लामो समयदेखि निर्माण सम्पन्न नहुँदा वस्तु तथा सेवाको ढुवानीमा निकै समस्या देखिँदै आइरहेको बताए । 'सरकारले ठूला आयोजना निर्माण सुरु गर्ने मात्रै होइन । सम्पन्न गराउनेतर्फ पनि अग्रसर हुनुपर्ने बेला भइसकेको छ,' उनले भने, 'काठमाडौँ तराई–मधेश जोड्ने द्रुतमार्ग जति सक्दो छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिन जरुरी छ ।'

वीरगंजका उद्योगी व्यवसायीले विगत चार वर्षदेखि प्रतिबन्ध लगाउँदै आएको केराउ, मरिच, छोकडालगायत वस्तुमाथिको प्रतिबन्ध खुलाउन माग गरे । अर्थ मन्त्रालयका राजस्व सचिव रामप्रसाद घिमिरेले उद्योगी व्यवसायीले दिएको सुझाव सकेसम्म आगामी आर्थिक वर्षको बजेट तथा नीति कार्यक्रममा समावेश गरिने प्रतिबद्धता व्यक्त गरे । 'उद्योगी–व्यवसायी र सरकार एउटै डुङ्गामा सवार भएर मात्रै मुलुकको अहिलेको समस्या समाधान गर्न सकिन्छ,' उनले भने, 'उद्योग व्यवसाय फस्टाउन नसके मुलुकको विकास सम्भव छैन । त्यसैले सबै हातेमालो गरेर अघि बढ्न जरुरी छ ।' सरकारले उद्योगधन्दालाई सहजीकरण गरेर अघि बढ्ने नीति अवलम्बन गर्ने उनले बताए ।

# इन्धन ढुवानीमा ८० करोड घोटाला भन्दै ताला



**मधेशदृष्टि**
**बारा ।**
नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनले ढुवानी विमाका नाममा व्यवसायीको ८० करोड रुपैयाँ हिनामिना गरेको भन्दै व्यवसायीले राष्ट्रिय विमा कम्पनी, अम्लेखगञ्जमा तालाबन्दी गरेको छ । आयल निगम अम्लेखगञ्ज डिपोअन्तर्गत विमा कार्यालयमा ढुवानी व्यवसायी र सरोकारवालाले गरेको तालाबन्दी पछि प्रहरीले तोडेको थियो ।

एसोसिएसनले २०६८ देखि ढुवानी विमाबापत रकम उठाएको र यो रकममा करिब ८० करोड रुपैयाँ हिनामिना भएको बताइएको छ । व्यवसायीसँग वार्षिक १३ करोड रुपैयाँ उठाइए पनि विमा कम्पनीमा भने वार्षिक ३ करोड रुपैयाँ मात्र जम्मा भइरहेको पाइएको हो । एसोसिएसनले हालसम्म ८० करोड २७ लाख ९४ हजार ३० रुपैयाँ हिनामिना गरेको, मूल्य अभिवृद्धि कर र अन्य करसमेत अपचलन गरेको भन्दै तत्काल छानबिन माग गर्दै एसोसिएसनको शाखा कार्यालय अमलेखगन्जमा तालाबन्दी गरिएको थियो ।

आर्थिक हिनामिना आरोपमा नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनविरुद्ध पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल विमा प्राधिकरण, राजस्व अनुसन्धान विभाग, जिल्ला प्रशासन कार्यालय काठमाडौँ र सङ्घीय संसद् लेखा समितिमा पनि उजुरी परेको छ । एसोसिएसनविरुद्ध परेको उजुरीमा तत्काल छानबिन माग गर्दै अमलेखगञ्ज डिपोअन्तर्गतका ढुवानी व्यवसायीले आन्दोलन सुरु गरेका हुन् ।

'एउटा गाडीले प्रत्येक वर्ष विमाबापत १० देखि १५ लाख रुपैयाँ बुझाउँछ, तर टं्याकीमा आगजनी भयो भने तेल पोखियो भने मात्रै केही राहत पाइन्छ,' ढुवानी व्यवसायी रिकेस नगरकोटीले भने, 'एसोसिएसनले व्यवसायीको करोडौँ रुपैयाँ उठाएर भ्रष्टाचार गरेको छ ।' ढुवानी व्यवसायीको समस्यामा एसोसिएसनले कुनै सुनवाइ नगरेको उनीहरूको गुनासो छ ।

यस्तै, नेपाल पेट्रोलियम डिलर्स एसोसियसन र ढुवानी व्यवसायी महासंघका पदाधिकारी एउटै व्यक्ति हुँदा बदमासी गरेर आफन्तका ट्यांकरसमेत रिप्लेस गरिएको व्यवसायीको आरोप छ ।

आयल निगमबाट लोड भएर निस्किएको टंयाकर दुर्घटना तथा आगलागी नहोस् भन्न अनिवार्य विमाको व्यवस्था गरिएपछि एसोसियसनका नेताहरुले करोडौँ अनियमितता र अपचलन गरेका हुन् । आयल निगम अम्लेखगञ्ज डिपोअन्तर्गतको राष्ट्रिय विमा कम्पनीका प्रमुख विनय अधिकारीले ६ महिना अघिदेखि अनलाइन प्रकियाबाट भ्याट रसिद काट्न सुरु भएको र पुरानो कारोबारबारे जानकारी नभएको बताए । अम्लेखगञ्जस्थित राष्ट्रिय विमा कम्पनिमा करिब ४ सय पेट्रोल पम्प आबद्ध छन् । विमा प्राधिकरणले प्रतिलिटर पेट्रोल, डिजेलमा ६ पैसाका दरले रसिद काट्ने गर्दछ ।

# एमाले बारामा पाण्डेय सदस्यको मतगणना बाँकी



**संजय तिवारी**
**कलैया ।**
नेकपा एमाले बाराको अध्यक्षमा अध्यानन्द पाण्डेय विजयी भएका छन् । पाण्डेयले प्रतिस्पर्धी टिना सुवेदीलाई ३४ मतले पराजित गरेका हुन् । एमालेको कुल ८ सय ३३ मतदातामा ७ सय २० जनाले मतदान गरेका थिए । शनिबार अबेर राति सम्पन्न मतगणना परिणामअनुसार अध्यक्षमा विजयी पाण्डेयले ३ सय ७७ मत पाए । प्रतिद्वन्दी सुवेदीले ३ सय ४३ मत ल्याइन् ।

दुई छुट्टाछुट्टै समूहमा प्रतिस्पर्धामा उत्रिएका उम्मेदवारमध्ये पदाधिकारीमा सबै सुवेदी समूहका विजयी भएका छन् । विजयी भएका पाण्डेय लगातार तीन कार्यकाल सचिव भएका व्यक्ति हुन् भने स्थानीय तहको कर्मचारीको जागिर त्यागेर राजनीतिमा आएकी सुवेदी एमाले बारा उपाध्यक्ष थिइन् ।

चैत १९ गते शुरु भएको ११ औँ जिल्ला अधिवेशनमा पटकपटक सहमतिको प्रयास गर्न खोजे पनि सहमति हुन नसकेपछि निर्वाचन भएको थियो ।

सुवेदी प्यानलबाट उपाध्यक्ष, सचिव, उपसचिव र महिला उपसचिव बिजयी भएका छन् । पाण्डेय समूहका उपाध्यक्ष नारायण गौतमले ३ सय ४० मत ल्याउँदा सुबेदी प्यानलका भुलन चौधरीले ३ सय ६४ मत ल्याई विजयी भए ।

त्यसैगरी, सचिव पदमा सुवेदी प्यानलका अमृत शर्मा बजगाई विजयी भएका छन् । बजगाईले ३ सय ६३ मत ल्याउँदा प्रतिस्पर्धी एम समिउल्लाहले ३ सय २६ मत ल्याउन सफल भए । त्यसैगरी, उपसचिव खुलामा सुबेदी प्यानलकै जवाहिर अन्सारी विजयी भएका छन् । अन्सारीले ३ सय ५७ मत ल्याउदा प्रतिस्पर्धी धनिराम चौधरीले ३ सय ४१ मत ल्याए । त्यसैगरी, पदाधिकारीतर्फ महिला उपसचिव भावना आचार्य विजयी भएकी छिन् । आचार्यले ३ सय ६८ मत ल्याउदा प्रतिस्पर्धी कमला घिमिरेले ३ सय २५ मत प्राप्त गरिन् ।

पदाधिकारीको मत परिणाम घोषणा भए पनि सदस्यको मत गणना बाँकी छ । निर्वाचन समितिले सोमबार बिहान ८ बजेदेखि सदस्यको मतगणना गरिने जनाएको छ ।

# नवनियुक्त मुख्यमन्त्री अधिकारीद्वारा पदभार ग्रहण




**रासस**
**कास्की ।**
गण्डकी प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री खगराज अधिकारीले जिल्ला अस्पतालले प्रदान गर्ने बहिरङ्ग (ओपिडी) सेवालाई थप गरि १२ घण्टा पु¥याउने निर्णय गरेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार पदभार ग्रहण गर्दै उनले सो निर्णय गरेका हुन् ।
अस्पतालहरुले बिहान १० देखि साँझ ५ बजेसम्म 'ओपिडी' सेवा सञ्चालन गर्दै आएकामा अबदेखि बिहान ७ देखि साँझ ७ बजेसम्म उक्त सेवा सञ्चालन गर्नेछन् । त्यसअघि मुख्यमन्त्री अधिकारीले सहिद उद्यान र पुष्पलाल स्मृति उद्यामा पुगी सहिदको प्रतिमामा माल्यार्पण गरेका थिए । अधिकारी कास्की–१ (क) बाट प्रदेशसभामा निर्वाचित भएका थिए ।
नेकपा (एमाले) सहित नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र एक स्वतन्त्र प्रदेशसभा सदस्यको समर्थनमा अधिकारी मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा, १६८ को उपधारा २ बमोजिम अधिकारीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । यसअघि नेपाली कांग्रेसबाट निर्वाचित सुरेन्द्रराज पाण्डेले पदबाट राजीनामा दिएपछि एमालेको नेतृत्वमा प्रदेश सरकार बनेको हो । कांग्रेसले भने मुख्यमन्त्री नियुक्ति प्रक्रियाप्रति असहमति जनाएको छ । मुख्यमन्त्री अधिकारीले एमालेका २२, माओवादी केन्द्रका आठ (सभामुखसहित) र एक स्वतन्त्र प्रदेशसभा सदस्यको समर्थन जुटाएर मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेस गरेका थिए ।

# महाधिवेशनका लागि नेकपा एसका चार दस्तावेज तयार

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को आसन्न १०औँ महाधिवेशनका लागि चारवटा दस्तावेज तयार भएका छन् । राजनीतिक दस्तावेज, विधान दस्तावेज, समाजवादी कार्यक्रमसम्बन्धी दस्तावेज र साङ्गठनिक दस्तावेजको लेखन पूरा भएको हो ।
पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले तयार गर्नुभएको राजनीतिक दस्तावेजमा देशको पछिल्लो राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय घटनाक्रम समावेश गरिएको छ । देशको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, विविधताबीचको एकता, सामाजिक सांस्कृतिक पक्ष पनि दस्तावेजमा समेटिएको छ ।
पार्टीका नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले तयार गर्नुभएको समाजवादी कार्यक्रमसम्बन्धी दस्तावेजमा वैज्ञानिक समाजवादको अवधारणा, समाजवादको स्वरुप, आर्थिक रुपान्तरणलगायत विषय समावेश गरिएको छ । उपाध्यक्ष बेदुराम भुसालले लेखेको विधान दस्तावेजमा पार्टीमा तल्लो तहदेखि माथिल्लो तहसम्म निर्वाचित भएर आउनुपर्ने व्यवस्था गरिएको छ । सबै कमिटीलाई लोकतान्त्रिक पद्धतिबाट अनुमोदन गराउने व्यवस्था गरिएको छ ।
महासचिव घनश्याम भुसालले तयार पारेको साङ्गठनिक दस्तावेजमा पार्टीको सङ्गठन निर्माणमा देशभरका सबै पालिका, वडा, टोल, जिल्ला, प्रदेश र केन्द्रसम्मको सदस्यतालाई व्यवस्थित गर्दै फैलनुपर्ने जनाइएको छ । आगामी जेठ ३ देखि ७ गतेसम्म पार्टीको राष्ट्रिय महाधिवेशन काठमाडौँमा हुँदैछ । पार्टी अध्यक्ष नेपालको नेतृत्वमा महाधिवेशन मूल व्यवस्थापन कमिटीले आवश्यक तयारी गरिरहेको छ ।

# गलत प्रवृत्तिलाई निरुत्साहित गरेरै छाड्छौंः मन्त्री



**रासस**
**काठमाडौँ ।**
सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले आफूहरु बेथिती र गलत प्रवृत्तिलाई निरुत्साहित गर्दै सुशासनको पक्षमा निरन्तर लागिपरेको बताएकी छन् । प्रेस सेन्टर नेपालको केन्द्रीय पदाधिकारीको पाँचौ बैठकलाई सम्बोधन गर्दै उनले बेथिती र गलत प्रवृत्ति विरुद्ध अन्तिम समयसम्म लडिरहने बताएकी हुन् ।
विशेषगरी आइटी क्षेत्रमा सीमित व्यक्तिको हालीमुहाली रहेको र त्यसलाई तोडन खोज्दा पटक–पटक मुद्दा मामिला बेहोर्नु परेको उनको भनाइ छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लिएको सुशासन र समृद्धिको लक्ष्य पूरा गर्न सञ्चार मन्त्रालय र मातहतका निकायहरु जोडतोडका साथ लागिपरेको उनको भनाइ थियो ।
आमसञ्चारका क्षेत्रमा सञ्चार मन्त्रालयले अहिले बढीभन्दा बढी काम गरिरहेको भन्दै मन्त्री शर्माले मन्त्रालयले ल्याएको मिडिया काउन्सिलसम्बन्धी विधेयकले सबै प्रकारका मिडियालाई संरक्षण, नियमन गर्न सक्ने बताइन् । 'मन्त्रालयले तयार पारेका विभिन्न ऐन कानुन कार्यान्वयनमा आएपछि आमसञ्चार क्षेत्रमा आमूल परिवर्तन हुन्छ', मन्त्री शर्माले भनिन्, 'सञ्चार मन्त्रालयमा भएका कामले वर्तमान सरकारले गरेका सुशासन, र समृद्धि लक्ष्यलाई साथ पुग्दै आएको छ ।'
माओवादीले अहिलेसम्म ऊर्जापछि सबैभन्दा धेरै पटक सञ्चार मन्त्रालयको नेतृत्व लिएको भन्दै उनले त्यसैको परिणाम अहिले गाउँगाउँका जनता हातहातमा सञ्चारको पहुँच पु¥याउन सकिएको बताइन् । मन्त्री शर्माले माओवादीले नेतृत्व सम्हालेका मन्त्रालयले हरेक पटक कहीँ न कहीँ नेपाली जनताले परिवर्तनको महसुस गर्न पाएको उल्लेख गरिन् ।

# शिक्षकहरूलाई एआई तालिम




**मधेशदृष्टि**
**वीरगंज ।**
प्रविधिमैत्री शिक्षक समाज नेपाल (एसटिएफटी) गण्डकी प्रदेशले शिक्षकलाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोगसम्बन्धी तालिम दिइएको छ । प्रविधिमैत्री शिक्षक समाज नेपाल गण्डकी प्रदेशको आयोजनामा देशभरका करिब ८० जना शिक्षकहरूलाई प्रतिनिधिमूलक ढंगले शिक्षामा नयाँ प्रविधि कृत्रिम बौद्धिकता आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोगसम्बन्धी एक दिने तालिम दिइएको हो ।
प्रविधिमैत्री शिक्षक समाज नेपाल गण्डकी प्रदेश सचिव संविधान लामिछानेले र गुगलका बिज्ञ तथा प्रशिक्षक शुसील उप्रेतीको सहजिकरणमा गण्डकी प्रदेशस्थित शैनिक आवासीय माहा विद्यालय पोखरा–११ फुलवारिमा तालिम सम्पन्न भएको हो । प्रविधिमैत्री शिक्षक समाज नेपाल गण्डकी प्रदेशका अध्यक्ष श्रीकान्त पौडेलको अध्यक्षता एवम् समाजका केन्द्रीय अध्यक्ष भुपति बस्यालको प्रमुख आतिथ्यतामा तालिम भइरहेको छ ।उक्त तालिममा समाजका केन्द्रीय उपाध्यक्ष नविन कडेल, केन्द्रीय सचिव हरिहर दाहाल, केन्द्रीय कोषाध्यक्ष छवि धमला, केन्द्रीय प्राविधिक समिति संयोजक घनश्याम अधिकारी, बागमती प्रदेश अध्यक्ष जीवन तिमल्सिना गण्डकी प्रदेश सचिव श्रीकृष्ण आचार्य, नेपाल राष्ट्रिय शिक्षक संगठनका गण्डकी प्रदेश अध्यक्ष रोमहर्सन पौडेललगायतको उपस्थिति रहेको थियो ।
उक्त तालिम पछि समाजको सबै जिल्ला तथा प्रदेशमा समेत भौतिक र भर्चुअल माध्यमबाट तालिममा सहभागी प्रतिनिधिहरूबाट तालिम सञ्चालन गरिने समाजका केन्द्रीय महासचिव देवीप्रसाद शर्माले बताए । लामो समयदेखि यस संस्थाले शिक्षकहरूलाई प्रविधि सम्बन्धी तालिम दिदै आएकोले पछिल्लो एआईको प्रयोग सम्बन्धी तालिमलाई समेत महत्वपूर्ण रुपमा हेरिएको छ ।

# शिक्षक हुँदै राजनीतिमा लागेका मुख्यमन्त्री महरा



**रासस**
**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्रीमा जोखबहादुर महरा नियुक्त भएका छन् । उनी प्रदेश सरकारको पाँचौँ मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । विसं २०३७ सालदेखि २०३९ सम्म प्रावि शिक्षक उनी विसं २०३५ र २०३६ सालको विद्यार्थी आन्दोलनमा सङ्लग्न भई राजनीतिमा प्रवेश गरेका हुन् । उनले विसं २०४४ देखि २०५० सालसम्म मावि शिक्षकका रुपमा पनि काम गरेका थिए ।
मुख्यमन्त्रीमा नियक्त भएपछि आइतबार शपथग्रहण गरेका महरा विसं २०७९ मङ्सिरमा सम्पन्न संसदीय निर्वाचनमा रोल्पा क्षेत्र नं १ (१) बाट लुम्बिनी प्रदेश सभामा निर्वाचित भएका हुन् । लुम्बिनी प्रदेशको पहाडी जिल्ला रोल्पाको साविक गजुल गाविस वडा नं २, हाल सुनिलस्मृति–गाउँपालिका–५ गजुल काट्नेमा बुवा खलबहादुर महरा र आमा रमिता महराको कोखबाट विसं २०२० कात्तिक १ गते जन्मिएका महराले स्थानीय श्री जनज्योति मावि गजुलबाट एसएलसी उत्तीर्ण गरेका हुन् ।
यस्तै उनले महेन्द्र बहुमुखी क्याम्पस दाङबाट प्रमाणपत्र तह तथा राजनीतिशास्त्र र अर्थशास्त्रमा स्नातकसम्मको अध्ययन गरेका छन् । नवनियुक्त मुख्यमन्त्री महराका श्रीमती तपी महरा र चार छोरा छन् । विसं २०४२ मा विद्यार्थी सङ्गठनको दाङको सचिव हुँदै विसं २०५१ मा नेकपा (माओवादी)को रोल्पा जिल्ला सचिवका रुपमा पार्टीको जिम्मेवारी पाएका थिए । यसपछि पनि पार्टीको विभिन्न जिल्लामा नेतृत्वमा रहेर जिम्मेवारी निर्वाह गरेका महरा विसं २०६४ मा नेकपा (माओवादी) को तर्फबाट संविधानसभा सदस्य भएका थिए । विसं २०६२ देखि २०६५ र २०७२ देखि २०७८ सम्म दुई पटक पार्टी अध्यक्ष पुष्पकमल दाहल 'प्रचण्ड' को प्रमुख स्वकीय सचिवको जिम्मेवारीमा काम गरेका महरा विसं २०७४ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख स्वकीय सचिवको जिम्मेवारीमा रहेरसमेत काम गरेका थिए । नेकपा (माओवादी केन्द्र) स्थायी समिति सदस्य रहेका महरा गतवर्ष एमाले संसदीय दलका नेता लीला गिरी नेतृत्वको प्रदेश सरकारमा लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको जिम्मेवारीमा रहेका थिए ।

# सेनाले हिमालबाट १० टन फोहर सङ्कलन गर्ने

**रासस**
**काठमाडौँ ।**
नेपाली सेनाले यस वर्ष सगरमाथा, ल्होत्से र नुप्से हिमाल सफाइ गर्ने भएको छ । सेनाले 'सफा हिमाल अभियान–२०२४'मार्फत सगरमाथासहित हिमालबाट पाँच मानव शवसहित १० टन फोहर सङ्कलन गर्ने छ । नेपाली सेनाले आइतबार पत्रकार सम्मेलन गरी सेनाका तालिम प्राप्त जनशक्तिले सगरमाथाको आधार शिविरदेखि चौथो शिविरसम्म फोहर सङ्कलन गर्ने योजना रहेको जानकारी दिएको छ । सफा हिमाल अभियानका निर्देशक सहायक रथी सञ्जय देउजाले सफाइ अभियानमा सेनाका १२ दक्ष जनशक्ति परिचालन गरिने जानकारी दिए । उनीहरुमध्ये १० जनाले सगरमाथा आधार शिविरमाथि र दुई जनाले नाम्चेमा रहेर संयोजन गर्नेछन् ।
फोहर सङ्कलन सहजीकरणका लागि १८ शेर्पा सहयोगी परिचालन गरिने सेनाले जनाएको छ । सगरमाथाको आठ हजार मिटर उचाइसम्म पुगेर फोहर सङ्कलन गरिने सफाइ अभियानका नेतृत्वकर्ता सेनानी अदित्य कार्कीले बताए ।
यही चैत २९ गतेदेखि सुरु हुने फोहर सङ्कलन अभियान ५० दिनसम्म सञ्चालन हुने छ । सो अभियान २०८१ जेठ २३ गते विश्व वातावरण दिवसको दिन समापन हुने छ । खुम्बु पासाङल्हामु गाउँपालिका, सगरमाथा प्रदूषण नियन्त्रण समितिको समन्वयमा सङ्कलित कुहिने फोहर नाम्चेमै र नकुहिने फोहर काठमाडौँ ल्याएर सम्बन्धित निकायलाई हस्तान्तरण गरिनेछ । यस्तै मानव शव सगरमाथाको दोस्रो शिविरबाट हेलिकप्टरमा आधार शिविर ल्याइने र त्यहाँबाट लुक्ला लगेर शव पहिचान गरेर सम्बन्धितको जिम्मा लगाइने छ । विदेशीको शव भए गृह मन्त्रालयमार्फत प्रक्रिया पु¥याएर पठाउने व्यवस्था मिलाइने सेनाले जनाएको छ ।
सन् २०२३ मा सफाइ हिमाल अभियानअन्तर्गत सेनाको टोलीले सगरमाथा, ल्होत्से, बरुन्चे तथा अन्नपूर्ण हिमालको सफाइ गरेको थियो । ती हिमालबाट ३५ टन फोहर सङ्कलन गरिएको थियो । सन् २०१९ देखि सुरु भएको सफा हिमाल अभियानको नेतृत्व नेपाली सेनाले गरिरहेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालयलगायत स्थानीय निकाय तथा सरोकारवाला संस्थाको सहकार्यमा सञ्चालित सफाइ अभियानको पहिलो वर्ष सन् २०१९ मा नेपाली सेनाले विभिन्न हिमालबाट झण्डै ११ टन फोहर सङ्कलन गरेको थियो । कोभिड–१९ का कारण सन् २०२० को सफाइ अभियान भने रोकिएको थियो । सन् २०२१ मा सगरमाथा, ल्होत्से, मकालु, धौलागिरि र अमा दब्लम हिमालबाट २७ दशमलव ६ टन फोहर सङ्कलन गरिएको थियो । त्यस्तै, सन् २०२२ मा सेनाले सगरमाथा, ल्होत्से, कञ्चनजङ्घा र मनास्लु हिमालबाट करिब ३५ टन फोहर सङ्कलन गरेको थियो ।

# हेटौँडा सिमेन्टबाट उत्पादन सुरु हुन एक हप्ता लाग्ने

**रासस**
**मकवानपुर ।**
हेटौँडा सिमेन्ट उद्योगले सिमेन्टको उत्पादन सुरु गर्न अझै एक हप्ताको समय लाग्ने भएको छ । करिब दुई हप्ताअघि उक्त उद्योगका केही उपकरण बिग्रिएर मर्मत सम्भार गर्न उत्पादन कार्य बन्द गरिएको थियो ।
अहिले विभिन्न उपकरणको मर्मत सम्भार गरिने भएकाले तत्काल कोइलाको अभावका कारणबाट उद्योग सञ्चालनमा ल्याउन कठिनाइ उत्पन्न भएको छ । सो उद्योगले अहिले रकम जुटाएर कोइला खरिद गर्न बोलपत्र आह्वान गरी थप कोइला ल्याउने कार्य भइरहेको उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले राससलाई जानकारी दिए ।
उनका अनुसार उद्योगमा अहिले एक हजार आठ सय मेट्रिकटन कोइला रहेको छ । कोइला पर्याप्त ल्याइसकेपछि आगामी वैशाखको पहिलो हप्ताबाट सिमेन्ट उत्पादन सुरु गर्ने तयारी भइरहेको पनि महाप्रबन्धक पाण्डेले उल्लेख गरे । हाल सो उद्योगलाई आश्यक पर्ने कच्चापदार्थ चुनढुङ्गा धादिङका जोगीमारा, मकवानपुरको भैँसे खानीबाट दैनिक ढुवानी गरी ल्याइरहेको सो उद्योगका नायव महाप्रबन्धक नवीनकुमार कर्णले बताए । अहिले सो उद्योगमा सिमेन्ट प्याकिङको कार्य भइरहेको छ । करिब दुई लाख ७५ हजार बोरा सिमेन्ट काठमाडौं, भैरहवा, काठमाडौँ, नेपालगञ्जलगायत विभिन्न सहरमा आपूर्ति गर्ने क्रममा उद्योगबाट कर्मचारी खटाइएको उद्योगका महाप्रबन्धक कर्णले जानकारी दिए । सो उद्योगमा साविक सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएता पनि अहिले दैनिक १० हजार बोरा मात्रै उत्पादन रहेको छ । तत्कालीन सरकारले विसं २०३३ वैशाखमा हेटौँडाको लामसुरेस्थित उक्त उद्योगको स्थापना गरिएको थियो । तत्कालीन सरकारको एक अर्ब ५० करोड रुपैयाँको लगानीमा सो उद्योगको स्थापना गरी विसं २०४३ मङ्सिर २६ गतेबाट व्यावसायिक रुपमा सिमेन्टको उत्पादन गरिएको थियो ।

## इलेक्ट्रिक स्कुटर हरायो

मिति २०८० चैत ९ गते शुक्रबार दिउँसो ७ बजे जनकपुरधामको सिताचौकबाट तपसिल बमोजिमको हुलियाको इलेक्ट्रिक स्कुटर हराइरहेको छ । पाउनु हुने वा देख्नु हुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु होला ।
सवारी साधनः इलेक्ट्रिक स्कुटर
स्कुटी नम्बरः म.प्र.०२–००६ प ३५११
निर्मित वर्षः २०२२
सिलिण्डर संख्याः १
च्याचिस नम्बरः पियुआर६६ एसआइपिएनटी २६००००२ बि
सवारी रंगः निलो
स्कुटरधनीः रमेश कामती
ठेगानाः सिरहा नपा–११, सिरहा
सम्पर्क नम्बरः ९८४२८५८५१०

# लागुऔषध कारोबार रोक्न भारतीय पक्षको सहयोग




**रासस**
**सुदूरपश्चिम ।**
नेपाल–भारत सीमावर्ती जिल्लाका स्थानीय प्रशासन प्रमुखको सीमा समन्वय बैठकमा लागुऔषधको कारोबार रोक्नका लागि भारतीय पक्षले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । भारतको उत्तर प्रदेशस्थित लखिमपुर (खिरी) जिल्लाको पलियामा शनिबार बसेको बैठकमा सीमा क्षेत्रबाट हुनेगरेको लागुऔषधको कारोबार रोकथाममा भारतीय पक्षले सहयोग गर्ने प्रतिबद्धता जनाएको बैठकमा सहभागी कैलालीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बताए । खुला सीमाका कारण भारतीय क्षेत्रबाट लागुऔषध कैलाली सहितका जिल्लामा भित्रिने गरेको छ । प्रहरीले लागुऔषध कारोबार र सेवनमा लाग्नेलाई धमाधम पक्राउ गरेपनि समस्या समाधान हुनसकेको छैन । केही हप्तापछि भारतमा हुन लागेको लोकसभाको चुनावलाई मध्यनजर गरी बसेको बैठकमा सीमा क्षेत्रमा नेपालीमाथि भारतीय सुरक्षाकर्मीबाट बेलाबखत हुने दुव्र्यवहार रोक्नुपर्ने नेपाली पक्षले कुरा उठाएका थिए ।
‘बैठकमा मैले नेपालीमाथि भारतीय सुरक्षाकर्मीबाट हुने गरेको दुव्र्यवहार रोक्नुपर्ने कुरा उठाएँ, भारतीय पक्षले यस्तो हुन नदिने प्रतिवद्धता गर्नुभयो’ प्रमुख जिल्ला अधिकारी मिश्रले भने ‘बैठकमा भारतमा हुन लागेको चुनावको ७२ घन्टा अघि सीमा सिल गर्ने, एम्बुलेन्स लगायतका अति आवश्यक सवारी साधनको आवागमनमा भने रोक नलगाउने, चुनावको बेला सीमामा कुनै अवाञ्छित गतिविधि हुन नदिन निगरानी गर्ने, वन तथा वन्यजन्तु र व्यापारिक मालसामनको चोरी तस्करी नियन्त्रणमा मिलेर काम गर्ने समझदारी भएको छ ।’
बैठकमा सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि रोक्न प्रहरीको तल्लो तहसम्म सूचना आदानप्रदान गर्ने विषयमा प्रतिबद्धता गरिएको छ । बैठकमा नेपालको तर्फबाट कैलालीका प्रमुख जिल्ला अधिकारी मिश्र, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, दुवै जिल्लास्थित नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख, कैलाली भन्सार कार्यालय, वन डिभिजन कार्यालय प्रमुखको सहभागिता रहेको थियो । भारतको तर्फबाट उत्तर प्रदेश, लखिमपुर (खिरी) जिल्लाको डिस्ट्रिक मजिष्ट्रेट (जिल्ला अधिकारी) महेन्द्रबहादुर सिंह, सहायक डिस्ट्रिक मजिष्ट्रट, सीमा सुरक्षा बल (एसएसबि), का प्रमुख लगायतको सहभागिता रहेको थियो ।

# हतियार देखाएर १५ लाख लुट

**मधेशदृष्टि**
**सिरहा ।**
हतियार देखाएर मनी ट्रान्सफरबाट १५ लाख ५० हजार रुपैयाँ लुटिएको छ । सदरमुकाममा आइतबार बिहान ११ बजे विष्णुपुरमा सञ्चालित शिव मनी ट्रान्सफरका लागि पुरुषोत्तम यादवले लिएर जाँदै गरेको रकम भारतीय मोटरसाइकलमा आएका हतियारधारी समूहले लुटेका हुन् ।
सिरहाको ग्लोबल बैंकबाट निकालेर लैजाँदै गरेको १५ लाख ५० हजार रुपैयाँ भारतीय नम्बर प्लेटको मोटरसाइकलमा आएका दुई जना नकाबधारीले पेस्तोल देखाउँदै लुटेको सिरहाका प्रहरी प्रवक्ता डिएसपी मुक्तिनाथ सापकोटाले जानकारी दिए । लुटेरा भारततर्फ भागेको हुनसक्ने प्रहरीको आशंका छ । उनीहरूको खोजी तथा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# नेपाल राष्ट्रिय विद्यापीठ स्थापनाको स्मरण



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालको पहिलो विश्वविद्यालय नेपाल राष्ट्रिय विद्यापीठ स्थापना स्मरण दिवस मनाइएको छ । मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यको अध्यक्षतामा सम्पन्न कार्यक्रम मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले उद्घाटन गरेका थिए । मुख्यमन्त्री यादवले त्रिभुवन विश्वविद्यालय भन्दा अगाडि नेपाल राष्ट्रिय विद्यापीठमा नेपालको पहिलो विश्वविद्यालय स्थापना भएको र त्यसको उपकुलपति लौहपुरुष गणेशमान सिंह र सहकुलपति बालकृष्ण सम रहेको बताए । कार्यक्रममा मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउत, सांसद प्रदीप यादव, मधेश प्रदेशका शिक्षामन्त्री प्रमोद जैसवाल, वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहलगायतका वक्ताले मन्तव्य व्यक्त गरेका थिए ।

# सशस्त्र प्रहरीद्वारा स्वास्थ्य शिविर



**मधेशदृष्टि**
**वीरगंज ।**
सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न भएको छ । सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण बाराले मल्टि स्पेशयालिटी हस्पिटल वीरगंजको संयुक्त सहकार्यमा सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत सिम्रौनगढ नगरपालिका वडा नम्बर २ खजानीमा निःशुल्क स्वास्थ्य जाँच तथा परामर्श शिविर सञ्चालन गरेको हो । सिम्रौनगढ नगरपालिकाका नगर प्रमुख किशोरी प्रसाद कलवारको प्रमुख आतिथ्यमा शनिबार स्वास्थ्य शिविर सम्पन्न भएको हो । स्वास्थ्य शिविरमा ९५ जना पुरुष र ७० जना महिला गरी जम्मा एक सय ६५ जनाले निःशुल्क स्वास्थ्य जाँच तथा परामर्श लिएको सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताए । उनका अनुसार कार्यक्रममा नं. १२ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक सन्तोष बहादुर सिंह, सिम्रौनगढ नगरपालिकाका जनप्रतिनिधिलगायत स्थानीयको सहभागिता रहेको थियो ।

# १४ कार्टुन मदिरा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा गुल्म अलौ पर्साले भारतर्फ तस्करी गर्न लागिएको १४ कार्टुन मदिरासहितको सुमो गाडी नियन्त्रणमा लिएको छ । शनिबार वीरगंज महानगरपालिका–१७ स्थित कोनिया नाकाबाट १४ कार्टुन मदिरासहितको सुमो गाडी नियन्त्रणमा लिएको सशस्त्र प्रहरीका सहप्रवक्ता एवं डिएसपी शैलेन्द्र थापाले बताए । भारतीय नम्बर प्लेटको बी आर १० जे ८२०१ नम्बको टाटासुमो गाडीमा अबैध रुपमा लैजाँदै गरेको मदिरा सशस्त्र प्रहरी नायव उपरीक्षक विकाश अधिकारीको कमाण्डमा खटिएको टोलीले बरामद गरेको डिएसपी थापाले बताए । उक्त टाटासुमोको चालक भने फरार रहेका छन् । नियन्त्रणमा लिइएको मदिरा र गाडी आवश्यक कारवाहीको लागि भन्सार कार्यालय वीरगंजमा बुझाएको डिएसपी थापाले जानकारी दिए ।

# विद्यार्थीद्वारा सडक सरसफाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
आमाको माया छात्राबासका विद्यार्थीहरुले वीरगंज महानगरपालिका वडा नम्बर १० बजरंग टोलमा नाला तथा सडक सरसफाइ गरेका छन् । ग्रीनसिटी समुदायिक सेवा केन्द्र आदर्शनगर र वीरगंज महानगरपालिकाको संयुक्त आयोजनमा छात्राबासका विद्यार्थीहरुले आइतबार नाला तथा सडक सरसफाइ गरेका हुन् । टोललाई सुन्दर, स्वच्छ र हराभरा बनाउने उद्देश्यले प्रत्येक हप्ताको एक दिन बजरंग टोल सरफाइ गर्ने कार्यको जिम्मा आमाको माया छात्राबासले लिएको छ । सोही अनुरुप आइतबार सरसफाइ गरिएको ग्रीनसिटी समुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयपक्राश खेतानले जानकारी दिए । उनले आफ्नो गाउँटोलको सरसफाइ कार्यमा विद्यार्थीहरुको सक्रियता सम्पूर्ण वीरगंजबासीको लागि उदाहरणीय रहेको बताए । वीरगंज महानगरका स्वच्छ सफा तथा हराभरा समितिका संयोजक समेत रहेका खेतानले अन्य संघसंस्थाहरुले पनि आफ्नो टोलको सरसफाइ कार्यमा सक्रियता देखाउनुपर्ने कुरामा जोड दिए ।

# दलित बस्तीमा शैक्षिक सामग्री वितरण

मधेशदृष्टि
वीरगंज ।
पर्साका विभिन्न दलित बस्तीका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको छ । गणेश उज्जन भुवन स्मृति प्रतिष्ठान लाजिम्पाट काठमाडौँका अध्यक्ष सावित्री श्रेष्ठ लामाले सामुदायिक विद्यालयमा अध्यनरत अति विपन गरिब, जेहन्दार मुसहर, दुशाद, चमार जातीका एक सय ६० जना बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको संस्थाका प्रतिनिधि गणेशमान लामाले जानकारी दिए । बालबालिकाहरुलाई स्टेशनरी सामान, स्कुल जुता, चप्पलका साथै फलफूल लगाएत अन्य खाद्यान्न समेत वितरण गरिएको जनाएको छ । पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ पथलवाघटका ८० जना दलित बालबालिका र सखुवा प्रसौनी गाउँपालिकाको वडा नम्बर १ सिधपुरका ८० जना दलित छात्रछात्रालाई वितरण गरेको संस्थाका पर्सा संयोजक हरि प्रसाद यादवले बताए ।
आयोजित कार्यक्रमा गणेश उज्जन भुवन स्मृति प्रतिष्ठान लाजिम्पाट काठमाडौँका अध्यक्ष सावित्री श्रेष्ठ लामा र सदस्य गणेशमान् लामा र जापानबाट शिक्षा क्षेत्रमा सहयोग गर्ने चाइल्ड सर्पोट संस्थाका अध्यक्ष स्युन, सदस्यहरु युहो, आचुसी, पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ का वडा प्रतिनिधि शिवशंकर यादव, स्थानीय पत्रकार प्रमोद यादव, चिरन्जीवी यादव, अनुगमन सहभागी रहेको संस्थाका पर्सा संयोजक यादवले बताए । वनदेवी आधारभूत विद्यालय भतौडा, पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ पर्सामा अध्यनरत अति विपन गरिब, जेहन्दार मुसहर, दुशाद, चमार जातीका बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्रदान गर्न र शिक्षामा दलितको पहुँच बढाउन विद्यालयमा पुगेर अनुगमन गरेका छन् । टोलीद्वारा अनुगमन गर्दा विद्यार्थी अनुपातमा शिक्षकको अभाव रहेको र दुई जना शिक्षकको भरमा तीन सय जना बालबालिका अध्यनरत रहेको उनीहरुको भनाइ छ ।
विद्यालयमा प्रविधि मैत्री वातावरणमा पढाउन र विद्यालयको अन्य शैक्षिक क्रियाकलाप अनलाइन गर्न कम्प्युटर ल्यापटाप, प्रीन्टर आवश्यक रहेको अनुगमनबाट खुलिएको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ का वडा प्रतिनिधि शिवशंकर यादवले बताए । विद्यालयका प्रधानाध्यापक सुभाष प्रसाद दासका अनुसार शिक्षकको अभाव रहेको र प्रविधिमैत्रीपूर्ण वातावरणमा शिक्षण गराउन वातावरण नरहेकोले आफूले सरोकारवाला निकायमा जानकारी गराउँदा समेत सुनुवाई नभएको गुनासो गरे । त्यसक्रमा चाइल्ड सर्पोट संस्थाका अध्यक्ष स्युन लगायतका प्रतिनिधिले बस्तीको वास्तविक आवश्यकतालाई पहिचान गरी जापानटबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।
उक्त टोलीले पर्साको वीरगंज महानगरपालिकाको वडा नम्बर २३, प्रसौनी, ईटियाही २२, मनियारी २०, हरपतगंज र लक्ष्मीपुरका दलित बस्तीमा अनुगम गरेको थियो । पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ का पाहुन माझीको घरमा आगलागी भएकोले निजलाई गणेश उज्जन भुवन स्मृति प्रतिष्ठान लाजिम्पाट काठमाडौँका अध्यक्ष सावित्री श्रेष्ठ लामाले खाद्यान्नको लागि तीन हजार रुपैयाँ आर्थिक सहयोग गरेकी थिइन् ।

# ट्याक्टरको ठक्करबाट बालकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको उत्तरीभेग गुजरा नगरपालिकास्थित जंगलासैयामा ट्याक्टरको ठक्करबाट १३ वर्षीय बालकको मृत्यु भएको छ । आइतबार बिहान धनसारबाट जंगलसैयातर्फ जाँदै गरेको ना ७ त ७५७ नम्बर को धान काट्ने ट्रेक्टरले गुजरा ४ मुस्लिमटोलमा बिहान सवा ७ बजे साइकलबाट बाटो काट्ने क्रममा ठक्कर दिँदा शेख हसमुल्लाका १३ वर्षीया छोरा शेष सहनवाज टाउकोमा चोट लागेर गम्भीर घाइते भएका थिए ।
घाइते बालकलाई तत्काल उपचारका लागि चन्द्रपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएपछि पीडित परिवारले मृतकको शव फिर्ता ल्याई घटनास्थलमा राखेर आवतजावत बन्द गरेका थिए । उक्त घटना पछि घटनास्थल जंगलसैयामा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी परिचालन गरिएको थियो ।
घटनास्थल पुगेका इलाका प्रहरी कार्यालय गरुडाका इन्स्पेक्टर श्रीराम तिमल्सिनाले पीडित परिवारसँग दोषीलाई कारवाही र कानुन अनुसार क्षतिपूर्ति दिने सर्तमा सहमति गरिएको बताए ।

# फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरीले अभद्र व्यहारमा मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको टोलीले अभद्र मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेमा परवानीपुर गाउँपालिका वडा नम्बर १ बुनियाद निवासी प्रवेज मियाँ रहेको प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङले जानकारी दिए । उनका अनुसार जिल्ला अदालत कलैयाबाट वरदातपछि फरारको सूचीमा नाम रहेकोले खोजबिन गरी पक्राउ गरिएको हो । पक्राउ परेका मियाँलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत कलैयामा बुझाइएको बारा प्रहरीले जनाएको छ ।

# सफाइ पाएलगत्तै वडा अध्यक्ष पुनः विवादमा

**मधेशदृष्टि**
**वीरगंज ।**
विशेष अदालतबाट भ्रष्टाचारसम्बन्धी मुद्दामा सफाइ पाए लगत्तै सप्तरीको विष्णुपुर गाउँपालिका अध्यक्ष उमेश यादवको कमिसनको लेनदेन गरेको भिडियो सार्वजनिक भएको छ । विष्णुपुर गाउँपालिका वडा नं. ६ सप्तरी नामको फेसबुक आइडीमा शनिबार करिब २ बजे अपलोड गरिएको भिडियोमा गाउँपालिकाका लेखापालले उनलाई कुनकुन शीर्षकमा कतिकति कमिसन आयो भन्ने बुझाउँछन् । अन्त्यमा ५ लाख ३० हजार रुपैयाँ उनको भागमा परेको भन्दै छेउमा बसेका मान्छेतर्फ इसारा गर्दै ५ लाख रुपैयाँ अध्यक्ष यादवलाई दिन निर्देशन दिन्छन् । भिडियोमा ती व्यक्तिको अनुहार भने देखाइएको छैन, गोप्य रुपमा खिचिएको भिडियोमा दुई जनालाई मात्रै प्रष्ट देखाइएको छ ।
भिडियोमा उल्लेख भएको मिति अनुसार १२ अगस्त २०२३ को करिब पौने १० बजे भिडियोमा खिचिएको देखिन्छ । स्रोतका अनुसार भिडियोमा भएको सम्वाद गाउँपालिका अध्यक्ष यादव पक्राउ परेकै प्रकरणको हो ।
यही हिसाबका आधारमा नगद र चेक लेनदेनका क्रममा उनीसहित तीन जना पक्राउ परेका थिए । यो प्रकरणमा अध्यक्ष यादवले शुक्रबार मात्रै भ्रष्टाचार मुद्दामा सफाइ पाएका थिए । विशेष अदालतका अध्यक्ष टेक नारायण कुँवर र सदस्यद्वय तेजनारायण सिंह राई तथा मुरारीबाबु श्रेष्ठको इजलासले उनीसहित लेखापाल टेकनारायण यादव र कम्प्युटर अपरेटर वीरेन्द्र यादवलाई सफाइ दिने फैसला गरेको थियो ।

*हामीले सार्न चाहेर के गर्ने, जिन्दगीले गति लिइरहन्छ ।*
*–लुकस*

## सम्पादकीय

# विमाको रकममा बदमासी

*नेपाल पेट्रोलियम डिलर्स एसोसियसनले २०६८ सालदेखि नै नेपालका विभिन्न डिपोबाट इन्धन भरेर ढुवानी गर्ने ट्यांकरबाट रकम लिँदै आएको थियो । यसका लागि सरकारी विमा कम्पनीमै एसोसियसनले सम्झौता गरेको थियो । एउटा सानो कागजको चिर्कटो दिएको आधारमा इन्धनको विमा हुने गरेको भन्दै व्यवसायीले त्यही चिर्कटोलाई विश्वास गरेर धमाधम विमा रकम संगठनलाई बुझाइरहे । किनभने परेको बेला बोलिदिने यही संगठन थियो । र, यो क्रममा वर्षमा करिब १३ करोड रुपैयाँ विमा कम्पनीमा जम्मा हुने गरेको तथ्य र तथ्यांकहरुले देखाउँछ । प्रतिलिटर ६ पैसाका दरले विमा गर्दा पनि एउटा व्यवसायीले वर्षमा १५ लाख रुपैयाँको हाराहारीमा रकम बुझाउने गरेका छन् । नेपालका विभिन्न १३ स्थानमा डिपो छन् । ती डिपोमा विमा कम्पनीको काउन्टर नै राखेर पैसा असुली त भएकै थियो । तर पेट्रोलियम पदार्थ ढुवानी व्यवसायी महासंघ र डिलर्स एसोसियसनका पदाधिकारीबाट यो रकममा वर्षौंदेखि लामो हात हुँदै आएको खुलासा भएको छ । वर्षको १० करोड रुपैयाँका दरले पछिल्लो समयको करिब ८० करोड रुपैयाँ हिनामिना भएको पाइएपछि असार महिनामा अर्को संस्था दर्ता भयो । त्यो संस्थाले सदस्य व्यवसायीको इन्धन विमाको काम सुरु पनि गरेको छ । यसपछि डिलर्स एसोसियसनले पनि विमाको काममा भ्याट बिल दिन थालेको हो । यो क्रम सुरु भएको बल्ल ६ महिना भयो । सरकारी विमा कम्पनीकै नाममा रकम उठाएर करोडौँ रकम हिनामिना भएको पाइएपछि व्यवसायी सचेत भए ।*

*सचेत भए मात्रै होइन, यो बदमासीविरुद्ध संघीय संसदको सार्वजनिक लेखा समितिमा उजुरी परेको छ । नेपाल पेट्रोलियम डिलर्स एसोसियसन, ढुवानी व्यवसायी महासंघ, राष्ट्रिय विमा कम्पनी, आयल निगमका डिपोमा समेत उजुरी परेको छ । एसोसिएसनले हालसम्म ८० करोड २७ लाख ९४ हजार ३० रुपैयाँ हिनामिना गरेको, मूल्य अभिवृद्धि कर र अन्य करसमेत अपचलन गरेको भन्दै तत्काल छानबिन माग गर्दै एसोसिएसनको शाखा कार्यालय अमलेखगन्जमा तालाबन्दी गरिँदा नेपाल प्रहरीले ताला खोलेको छ । व्यवसायीको रकममा व्यवसायीबाटै तर मार्ने काम भएको छ । त्यो पनि ठूलो रकम घोटाला भएको छ । डिलर्स एसोसियसन र ढुवानी व्यवसायी महासंघका पदाधिकारीले यो ८० करोड रुपैयाँ मात्रै हिनामिना गरेका छैनन् । रिप्लेस हुन नसक्ने पुराना ट्यांकर पनि आयल निगमका कर्मचारीसँग मिलेमतो गरेर रिप्लेस गरेको घटना सार्वजनिक भएको छ । यो बदमासीविरुद्ध व्यवसायी उत्रिएका हुन् । उनीहरुले संघीय संसदको लेखासमितिदेखि विमा कम्पनी, आयल निगममा समेत तालाबन्दी गरेका छन् । तर अहिलेसम्म सुनुवाइ भएको छैन । बरु प्रहरीले ताला खोलेर राज्यको नजरअदाजलाई निरन्तरता दिएको छ ।*

*यो विषयमा राज्य नै गम्भीर हुन जरुरी छ । एकातिर व्यवसायीको रगत पसिनामा सरकारी विमा कम्पनीकै नाममा तर मार्ने काम भएको छ । अर्कातिर राज्यकै संरक्षणमा रिप्लेस हुन नसक्ने ट्यांकर पनि रिप्लेस गरिएका छन् । व्यवसायीको हित गर्ने नाममा व्यवसायीकै रगत पसिना चुस्ने काममा देखिएका बदमासीलाई राज्यको अनेक निकायमा उजुरी पर्दासमेत किन कारबाही अघि बढेन ? कि सबै मिलेका छन् ८० करोड रुपैयाँ अपचलनमा ? कर तिर्ने व्यवसायीकै प्रश्न छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# राजनीतिक चेपुवामा भूमिहीन

> *भूमिहीन र सुकुम्वासीका समस्या समाधान गर्न लागि विगत ३४ वर्षदेखि १५ वटा आयोगहरु बनिसकेका छन् । १८ पटक आयोगको नेतृत्व परिवर्तन भइसकेको छ । आयोग गठन र विघटनको श्रृंखला दोहोरिने क्रम हालसम्म पनि जारी छ । साढे तीन दशकसम्म पनि भूमिहीन सुकुम्वासीको समास्या हल नहुँदा सरकारको कार्य क्षमतामाथि गम्भीर प्रश्न खडा भएको छ ।*



**महेश कठायत**
maheshkathayat07@gmail.com



सत्ता समीकरणमा आएको फेरबदलसँगै राष्ट्रिय भूमि आयोग पुनः एक पटक विघटन हुन पुगेको छ । सुकुम्वासी र भूमिहीनलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने भन्दै दुई वर्ष अघि बनेको राष्ट्रिय भूमि आयोग सत्ता समीकरणको फेरबदलसँगै विघटन हुन पुग्यो । चैत ८ गतेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय भूमि आयोग विघटन गरेसँगै आयोग गठन र विघटनको श्रृंखलाले निरन्तरता पाएको छ । भूमि आयोग विघटनको निर्णय सार्वजनिक गर्ने क्रममा सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'सरकारले एक साताभित्र पुनः अर्को आयोग गठन गर्ने' सुनाएकी थिइन् । तर, भूमि आयोग विघटन गरिएको दुई साता बितिसक्दा पनि अर्को आयोग बनेको छैन।

राष्ट्रिय भूमि आयोग विघटन भएको पर्सीपल्ट चैत १० गते विघटित राष्ट्रिय भूमि आयोगका अध्यक्ष केशव निरौलाले 'सुकुम्वासीमाथि राजनीति कहिलेसम्म ?' सरकारलाई प्रश्न गरे । भूमिहीन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासको व्यवस्थापनका लागि काम जारी रहँदा आयोग नै विघटन भएको भन्दै उनले सरकारको निर्णयले सुकुम्वासीलाई 'धोका' भएको सुनाए । दुई वर्ष अघि नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रसहितको गठबन्धन सरकारले नयाँ आयोग गठन गरेको थियो । कांग्रेससम्बद्ध नेपाल शिक्षक संघका पूर्वअध्यक्ष समेत रहेका केशव निरौलालाई सरकारले २९ भदौ २०७८ मा आयोगको अध्यक्षमा नियुक्त गर्दा उपाध्यक्षमा माओवादी नेता नहेन्द्र खड्काले नियुक्ती पाएका थिए । भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको आवास तथा भूमिमाथिको पहुँच र स्वामित्व स्थापित गराई देशबाट भूमिहीनताको अन्त्य गर्ने ध्येयले आयोग बनेको भनियो । लामो समयदेखि जटिल समस्याका रुपमा रहेको भूमिहीन तथा सुकुम्वासी समस्या समाधान गर्न विघटित भूीम आयोगले पनि अपेक्षित नतिजा दिन सकेन । सुरुवातदेखि नै विभिन्न राजनीतिक, सामाजिक, सांस्कृतिक र संरचनागत कारणहरुले गर्दा भूमिहीनको समस्या समाधान हुन नसकेको र यस सम्बन्धमा व्यवस्थित अध्ययन समेत नभएका कारण विगत प्रायसहरुले पूर्णता नपाएको आयोगले स्वीकार गरेको छ । त्यसबाहेक आयोगले स्रोत साधानको कमि, आयोग गठनको उद्देश्यमा अस्पष्टता र अस्थिर सरकारलाई भूमिहीन समस्या छिटो नटुंगिनुको कारण देखाएको छ।

विघटित भूमि आयोगले ७२८ वटा स्थानीय तहसँग कार्यसहमति गरी विभिन्न जिल्लामा पाँच हजार ३५३ पुर्जा वितरण गरेको थियो । त्यस्तै, १३ लाख ५० हजारको हाराहारीमा लगत संकलन र १० लाख ५२ हजार भन्दा बढी निवेदकहरुको डाटा इन्ट्री भइसकेको थियो भने दुई लाख ४० हजार जग्गा धनीलाई प्रमाणपुर्जा वितरणको तयारी गरेको थियो। तर, आयोग विघटनसँगै यि सबै प्रक्रियामा के हुने भन्ने अन्यौल देखिएको छ।

भूमिहीन र सुकुम्वासीका समस्या समाधान गर्न लागि विगत ३४ वर्षदेखि १५ वटा आयोगहरु बनिसकेका छन्। १८ पटक आयोगको नेतृत्व परिवर्तन भइसकेको छ । आयोग गठन र विघटनको श्रृंखला दोहोरिने क्रम हालसम्म पनि जारी छ। साढे तीन दशकसम्म पनि भूमिहीन सुकुम्वासीको समास्या हल नहुँदा सरकारको कार्य क्षमतामाथि गम्भीर प्रश्न खडा भएको छ।

**आयोग गठन विघटनको शृंखला**

२०४७:द्रोणप्रसाद आचार्य
२०४७: अच्युतराज रेग्मी
२०४८: बलबहादुर राई
२०४९: शैलजा आचार्य
२०५१: ऋषिराज लुम्साली
२०५२: बुद्धिमान तामाङ
२०५४: चन्दा शाह
२०५४: बुद्धिमान तामाङ
२०५५: तारिणीदत्त चटौत
२०५६: गंगाधर लम्साल
२०५७: सिद्धराम ओझा
२०५८: मोहमत्त अफताब आलम
२०६४: कैलाश महत्तो
२०६६: गोपालमणि गौतम
२०६८: भक्तिप्रसाद लामिछाने
२०७१: शारदाप्रसाद सुवेदी
२०७३: विक्रम पाण्डे
२०७७: देवी ज्ञवाली
२०७८: केशव निरौला

हरेक पटकको बन्ने नयाँ आयोगमा राजनीति नियुक्ती केन्द्रदेखि जिल्लासम्म उस्तै छ । भूमि आयोगमार्फत तल्लो तहसम्म राजनीतिक दलका नेता कार्यकर्ताले कसरी नियुक्ति लिन्छन् भन्ने कुरा बुझ्नलाई राष्ट्रिय भूमि आयोगको गठन आदेशलाई हेरौँ।

राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ३(१) अनुसार केन्द्रमा सदस्यसचिव (निजामती) सहित दश जना पदाधिकारी रहने व्यवस्था छ । जसमा अध्यक्ष र उपाध्यक्षसहित तीन विज्ञ, चार सदस्य र एक सहसचिव तहको सदस्यसचिव रहन्छन् । त्यसैगरी, आयोगको काम कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ८(१) अनुसार जिल्लास्तरमा जिल्ला समिति गठन गर्ने व्यवस्था छ । जिल्लागत समितिमा नेपाल सरकारले नियुक्ति गरेको अध्यक्ष र सदस्यमा जिल्ला समन्वय अधिकारी, जिल्ला भूमिसुधार तथा मालपोत कार्यालयका प्रमुख, सम्बन्धित डिभिजन वन कार्यालयका अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि र नेपाल सरकारले नियुक्ति गरेका एक विज्ञसहित तीन जना सदस्य तथा जिल्ला सदरमुकामस्थित नापी कार्यालयका प्रमुख सदस्यसचिव रहने व्यवस्था छ।

यसरी, केन्द्रमा दश जना र जिल्लामा चार जना सरकारले नै नियुक्त गर्छ । योग्यता र क्षमताका आधारमा भन्दा आफू निकटका व्यक्तिहरुलाई केन्द्रदेखि तल्लो तहसम्म नियुक्त गर्ने गरेका कारण सरकार परिवर्तनसँगै आयोगका पदाधिकारी परिवर्तनको खेल सुरु हुन्छ। अनि, नयाँ आयोग बन्ने बित्तिकै माथिल्लो तहदेखि तल्लो तहसम्म देशभर तीन सयभन्दा बढी नेता कार्यकताले नियुक्ती बुझ्दै आएका छन्। तीन दशकसम्म बनेका डेढ दर्जनभन्दा बढी आयोगहरुको अवस्था हेर्ने हो भने हजारौँको संख्यामा नेता कार्यकर्ताले जागिर खाने र समय बिताउँने बाहेक ठोस उपलब्धी छैन।

अझै, आयोगका अध्यक्षसहित पदाधिकारीले राज्य कोषबाट पाउने सेवा सुबिधा पनि उस्तै छ । आयोगका अध्यक्षले राज्यमन्त्रीसरह तलब पाउछन, भत्ता, चालकसहितको सवारीसाधन र इन्धन सुविधा पनि लिन्छन् । उपाध्यक्षले सहायकमन्त्री सरहको तलब पाउँछन्, भत्ता, चालकसहितको सवारीसाधन र इन्धनको सुविधा पनि लिन्छन्। सदस्यहरूले नेपाल सरकारको सचिवले पाउने तलबभत्ता चालकसहितको सवारीसाधन र इन्धनको सुविधा पाउँछन्। जिल्ला समितिका अध्यक्षले पनि नेपाल सरकारका सहसचिवले पाए सरहको तलबभत्ता बुझछन्। यसरी राज्य कोषबाट अर्बौ रकम खर्च हुँदा समेत त्यसको परिणाम नदेखिनु बिडम्बना हो।

देशभर कति भूमिहीन परिवार छन् भन्ने एकिन तथ्याङ्क सरकारसँग नभए पनि करिब १५ लाख भूमिहीन परिवार भएको सरकारको अनुमान छ। यस्तो अवस्थामा जतिसुकै आयोग गठन गरे पनि भूमिहीन जग्गा वितरण गर्ने कुरा असम्भव प्रायः छ। विगत तीन दशकसम्म बनेका डेढ दर्जन आयोगहरुले एक लाख ५४ हजार भूमिहीन परिवारलाई हालसम्म करिब ४६ हजार बिघा जग्गा वितरण गरिसकेको भनिए पनि यसको आधिकारिता पुष्टी भएको छैन। भूमिहीनलाई जग्गा वितरण गर्ने काम २०१३ सालदेखि भएको देखिन्छ । तर, २०४६ सालदेखि आयोग बनाएर भूमिमा भूमिहीनहरुको पहुँच पुर्याउन भन्दै सरकारले जग्गा वितरण गर्न थालेको हो । त्यो बेला सुकुम्वासीको लागि भनिएका जग्गा लक्षित वर्गभन्दा बाहिरका व्यक्तिका नाममा दर्ता हुन थालेको सरकारी प्रतिवेदनले नै औल्याएको पाइन्छ। एकातर्फ जग्गा वितरण लक्षित वर्गभन्दा बाहिर जानु अर्कोतर्फ जिल्ला तहसम्म राजनीति दलका नेता कार्यकर्तालाई भर्तीको अखडा बन्नुले आयोगको औचित्यमाथि प्रश्न उब्जिएको छ।

# न्यायाधीशको परीक्षामा न्यूनतम ४० अङ्क कायम



**रासस**
**काठमाडौँ ।**
न्याय सेवा आयोगले जिल्ला न्यायाधीशका लागि लिइने परीक्षामा न्यूनतम उत्तीर्ण अङ्क ४० प्रतिशत कायम गर्ने विषयमा सहमति भएको जनाएको छ । प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'माथि आइतबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित विषयमा दफावार छलफल हुँदा उक्त सहमति भएको हो ।
न्याय सेवा आयोगले जिल्ला न्यायाधीशका लागि न्यूनतम ५० प्रतिशत अङ्क ल्याउनुपर्ने यसअघिको प्रावधान रहँदा धेरै विद्यार्थी अनुत्तीर्ण भएको हुँदा केही परिमार्जन गेर जानुपर्ने विषयमा सहमति भएको हो । आयोगले यसअघि लिएको परीक्षामा एकजना मात्र उत्तीर्ण भएका थिए । कानुन, न्याय तथा संसदीय ममिलामन्त्री पदम गिरीले परीक्षामा अधिकतम नम्बर ल्याउने नै प्रतिस्पर्धामा आउने भएको हुँदा न्यूनतम अङ्क ४० प्रतिशत राख्दा उपयुक्त हुने धारणा राखेका थिए । उक्त विषयमा समितिमा वृहत छलफल भएर सहमति भएको हो ।
समितिका सदस्यहरु महेश बर्तौला, जीवन परियारलगायतले परीक्षा प्रणाली र पाठ्यक्रममा सुधार गर्नुपर्ने र न्यायाधीशजस्तो विषयमा हल्कारुपमा लिन नहुने विषयमा सुझाव दिँदै न्यूनतम ४० प्रतिशत अङ्क राख्न सहमति जनाएका थिए । जिल्ला न्यायाधीशको परीक्षामा असाध्यै न्यून विद्यार्थी उत्तीर्ण भएपछि न्याय परिषद् सचिवको अध्यक्षतामा गठित पाठ्यक्रम परिमार्जन समितिले बनेको थियो । उक्त समिति सिफारिस २०८० सरोकारवाला विज्ञसहित समूहले पाठ्यक्रम परिमार्जन गरी न्याय सेवा आयोगलाई बुझाएर अनुमोदनसमेत भइसकेको छ । उक्त पाठ्यक्रम परीक्षण हुनै बाँकी छ । उक्त समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'माथि चरणवद्धरुपमा छलफल भइरहेको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक एक हप्ताभित्रमा टुङ्ग्याउने तयारीमा छलफल अघि बढाउनुपर्ने बताए । उक्त विधेयक विभिन्न ७९ वटा कानुनलाई संशोधन गर्न ल्याएको एकीकृत विधेयक हो ।

# आयोगले राखेका विषय व्यवहारिक छन्ः मन्त्री



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने लोकतन्त्रलाई सुदृढ र निर्वाचन प्रणालीलाई व्यवस्थित तुल्याउन गरी अघि बढाइएको निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदालाई सार्वभौमसत्ता सम्पन्न संसद्ले थप समृद्ध तुल्याउने बताएका छन् । निर्वाचन व्यवस्थापन विधेयक र प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उपनिर्वाचनका सम्बन्धमा निर्वाचन आयोगद्वारा आयोजित अन्तक्रियामा उनले जुन विषयवस्तुले निर्वाचन प्रणाली र संसद्लाई समृद्ध र प्रभावकारी तुल्याउँछ त्यसलाई सबै पक्षले सहयोग र समर्थन गर्नुपर्नेमा जोड दिए ।
उपप्रधानमन्त्री लामिछानेले भने, 'अहिले अभ्यासमा रहेको निर्वाचन प्रणालीप्रति उठेका प्रश्न र राजनीतिमा देखिएको विचलनलाई सुधार गर्दै निर्वाचनलाई सही ढङ्गबाट अघि बढाउने आयोगले व्यवहारिक विषय राखेको छ ।' उनले निर्वाचन व्यवस्थापनसम्बन्धी कानुनको मस्यौदामा आयोगले दिएका सुझाव समावेश गर्न सकिएमा दलहरुको राजनीतिक चरित्र र समाज सुधारमा कोशेढुङ्गा सावित हुने बताए । निर्वाचनमा देखिएका कैयौँ विसङ्गति र विकृति अन्त्य गर्न बनेका कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिइने बताउँदै गृहमन्त्री लामिछानेले आगामी दिनमा पार्टीको आन्तरिक र मुलुकको समग्र लोकतान्त्रिक पद्धतिको विकासमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरे । आयोगले मन्त्रालयमा पठाएको निर्वाचन व्यवस्थापनसम्बन्धी
विधेयममाथि केही सामान्य छलफलपछि सदनमा पठाइने बताउँदै गृहमन्त्री लामिछाने केही राम्रा विषयलाई मस्यौदामा थप समावेश गर्न आफूले आयोगलाई सुझाव दिएको बताए ।
इलाममा हुने प्रतिनिधिसभा सदस्य र बझाङको प्रदेशसभा सदस्य निर्वाचनमा सरकार संवेदनशील रहेको जनाउँदै उनले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र मितव्ययी तुल्याउने विषयमा सरकारकातर्फबाट सम्पूर्ण सहयोग हुने विश्वास दिलाए । यसअघि आयोगले उपनिर्वाचन तयारीबारे गृहमन्त्रीलाई जानकारी गराएको छ । निर्वाचन आयोगका सहसचिव रमेश ढकालले आयोगले तयार गरी गृह मन्त्रालयमा पठाएको निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदालाई सदनमा टेबुल गर्ने लगायतका विषयमा आयोगकातर्फबाट जिज्ञासा भएको प्रतिक्रिया दिए । उपनिर्वाचनको आवश्यक तयारी र सुरक्षा प्रबन्धका विषयमा पनि अन्तरक्रियामा छलफल भएको उनको भनाइ छ ।
आयोगका तर्फबाट बैठकमा राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई सशोधन गर्न आवश्यक देखिएकाले संशोधन प्रक्रिया अघि बढाइएकाले मन्त्रालयको तर्फबाट सहयोग र सहजीकरणका लागि अनुरोध गरिएको थियो । कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहितका आयुक्तहरु तथा गृह मन्त्रालयका सचिव एकनारायण अर्याल सहभागी थिए ।

# 'अहिलेको निर्वाचन प्रणालीले निष्ठाको राजनीति ओझेलमा पर्छ'

"हामीले अभ्यास गरिरहेको संसदीय प्रणाली उत्कृष्ट राजनीतिक व्यवस्था हो । यसको गरिमा र अभ्यासप्रति हामीलाई गौरव छ । संसदीय व्यवस्थाको संस्कारअनुसार हामीले यसलाई अघि बढाउन सकेनौँ । विगतका राजनीतिक व्यवस्था परिवर्तनका सहयात्रीबीच सदनमा हार्दिकताका साटो देखिइरहेको आरोप—प्रत्यारोपको घटना पक्कै पनि दुःखदायी छ ।

**राजु थापा, प्रतिनिधिसभा सदस्य**




**सांसद थापाको परिचय**

स्याङ्जा जिल्ला पुतलीबजार–४ का स्थायी बासिन्दा सांसद राजु थापा २०५२ सालमा नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेसँगै राजनीतिमा सक्रिय भए । विसं २०६५ मा नेपाल तरुण दल केन्द्रीय विभाग सदस्य तथा पार्टी महासमिति सदस्य भएका उनी २०७० मा संविधानसभा सदस्य भए । २०७८ सालमा नेपाली कांग्रेसको जिल्ला सभापति भएर जिम्मेवारी सम्हालेका उनी २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्याङ्जा क्षेत्र नं १ बाट प्रत्यक्ष निर्वाचित सांसद हुन् ।

**रासस**
**काठमाडौँ ।**
मुलुकको राजनीति हामीले कल्पना गरेकोभन्दा फरक ढङ्गले अघि बढेको छ । निर्वाचनमा वामपन्थी र प्रजातान्त्रिक शक्तिबीच संविधानको रक्षा गर्दै सङ्घीयतालाई प्रभावकारी रूपमा अघि बढाउने कार्यसूची र प्रतिबद्धतासहितको चुनावी तालमेललाई मतदाताले अनुमोदन गरेका थिए । सङ्घीयतालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नपाउँदै गठबन्धन भत्किने अवस्था बन्यो । फेरि जोडियो, अहिले पुनः भत्किएको अवस्था छ । निर्वाचनका बेला राजनीतिप्रति देखिएको उत्साहलाई प्रमुख शक्तिबीच अहिले भइरहेका घटनाक्रमले निराशा पैदा गरेको छ । गठबन्धनका नाममा हुने यस्ता घटनाले जनतालाई धोका दिइरहेको महसुस हामीले गरेका छौँ ।
सङ्घीय संसद्को जारी विधेयक अधिवेशन भए पनि कानुन निर्माणका सन्दर्भमा सुस्त नै देखिएको छ । संविधान र सङ्घीयता कार्यान्वयनका सिलसिलामा अझै ४० भन्दा बढी महत्त्वपूर्ण विधेयक टुङ्ग्याउनुपर्ने छ । हामी अहिले पनि मुख्य जिम्मेवारी कानुन निर्माणभन्दा सत्ता समीकरणको खेलमा लागेका छौँ । सदनका सम्पूर्ण कामकारबाही ओझेलमा परेका छन् । राजनीतिक दलले संसदीय व्यवस्था र संसद्प्रति खेल्नुपर्ने भूमिका ओझेलमा परेको छ । सांसदको प्रमुख भूमिका भनेको कानुन निर्माण नै हो । कानुन निर्माणसँगै संसद्को अरु पनि भूमिका हुन्छ । जनता र समाजसँग प्रत्यक्ष जोडिएका सामाजिक, आर्थिक र विकासका विषयमा पनि सांसदको सहभागिता रहन्छ । दलीय व्यवस्थामा पार्टीको ह्वीप लाग्छ । हुन त सांसद स्वतन्त्र र सार्वभौम हुनुपर्ने हो । हामीलाई पनि कतिपय विषयमा चित्त बुझिरहेको अवस्था होइन, तर पनि दलको निर्देशनलाई बेवास्ता गरेर जान सक्ने अवस्था हुँदैन । हामीले जति विधायकको रूपमा भूमिका निर्वाह गर्नुपर्थ्यौं त्यो नभइरहेको अनुभूति छ ।
हामीले अभ्यास गरिरहेको संसदीय प्रणाली उत्कृष्ट राजनीतिक व्यवस्था हो । यसको गरिमा र अभ्यासप्रति हामीलाई गौरव छ । संसदीय व्यवस्थाको संस्कारअनुसार हामीले यसलाई अघि बढाउन सकेनौँ । विगतका राजनीतिक व्यवस्था परिवर्तनका सहयात्रीबीच सदनमा हार्दिकताका साटो देखिइरहेको आरोप—प्रत्यारोपको घटना पक्कै पनि दुःखदायी छ । संसदीय व्यवस्थामा सत्तापक्ष र प्रतिपक्षबीच आरोप–प्रत्यारोप हुनु स्वाभाविक मानिएता पनि नेपालमा भने स्वार्थ केन्द्रित भएर त्यो हुने गरेको छ । आफूले गरेका सबै ठिक अरुले गरेका सबै बेठिक भन्ने चलन र मानसिकता दलहरूमा देखिन्छ । यो व्यवस्थाको विकल्प नभएकाले थप सुदृढ र सुन्दर बनाउनेतर्फ सबै लाग्नुपर्छ । यही व्यवस्थाबाट मुलुकलाई विकास र समृद्धिमा पुर्याउनुपर्छ । त्यसका लागि प्रमुख परिवर्तनकारी दलहरू राष्ट्र निर्माण र जनताका समस्या सम्बोधन गर्ने मामिलामा एक ठाउँमा उभिनुपर्छ । प्राप्त अवसरको सदुपयोग गर्नुपर्छ, चुक्न हुन्न । संविधानसभाबाट संविधान बनाउने बेलाजस्तै एकढिक्का हुनुपर्छ । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेसँगै राजनीतिक एजेण्ड समाप्त भएको छ । अब सबै शक्ति मिलेर आर्थिक क्रान्तिको बाटोमा मुलुकलाई अघि बढाउनुपर्छ । देशलाई उत्पादनसँग जोड्नुपर्छ, युवा र बौद्धिक शक्तिलाई परिचालन गर्नुपर्छ । सत्ताको खेल र राजनीतिक स्वार्थ नत्यागेसम्म मुलुक बन्दैन । आर्थिक, परराष्ट्र, रोजगारी, कृषि, पर्यटनलगायत क्षेत्रको विकास र विस्तारमा प्रमुख दलहरू एक ठाउँमा बसेर २० वर्षको खाका तयार पारेर काम गर्नुपर्छ । त्यो भएमा नेपाली जनताको मुहारमा उज्यालो छर्न सक्छौँ । होइन, अहिलेकै जस्ता सरकार गठन गर्ने र ढाल्ने अभ्यास जारी राखियो भने अझै अप्ठ्यारो र चुनौतीको सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।
देशको प्रमुख शत्रुका रूपमा रहेको भ्रष्टाचार न्यूनीकरण गर्न सबैभन्दा पहिला राजनीतिक नेतृत्व सच्चिनुपर्छ । त्यसो भएमा कर्मचारीतन्त्र स्वतः सच्चिन्छ । भ्रष्टाचार किसान र मजदुरले गरेका छैनन् । जो टाठोबाठो छ, जसले पढेको छ, जसले नेतृत्व लिएको छ, तिनले नै भ्रष्टाचार गरेका छन् । त्यो भनेको कि राजनीतिक दल छन् कि कर्मचारीतन्त्र छ । संविधानले व्यवस्था गरेको मौलिक हकलाई आधार बनाएर जनतालाई सेवासुविधा उपलब्ध गराउने र भ्रष्टाचारमा निर्मम भएर उभिनुपर्छ । अहिले नेपालमा भ्रष्टाचार प्रमुख शत्रुका रूपमा छ । वडामा टोल विकास समितिदेखि राज्यको उच्च निकायसम्म भ्रष्टाचार छ । यसलाई न्यूनीकरण गर्न सेवा र त्यागको भावना हुनुपर्छ । उदाहरण संसारको दिन्छौँ, आफू केही गर्दैनौँ । देशलाई विकासको शिखरमा पुर्याउन कति पुस्ताले त्याग गरे । त्यो मनन गर्नुपर्छ । यो पुस्ताले त्याग नगर्ने हो भने अर्को पुस्ताले पनि गर्दैन । समाज र राष्ट्रप्रति समर्पित भई भ्रष्टाचार न्यूनीकरण गर्न राजनीतिक स्थिरता, कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप अन्त्य र बलियो सरकार हुनुपर्छ ।
नेपाली जनताको चेतनासँग जोडिएकाले हाल अभ्यासमा रहेको निर्वाचन प्रणालीमा केही सुधार गर्नुपर्छ भन्ने लाग्छ । कस्तो व्यक्तिलाई नेता बनाउने, कस्तालाई नेतृत्वमा पठाउनेभन्दा पनि पैसा लिएर, भोज खाएर, विकाससँग साटेर मत हाल्ने अभ्यासले जरा गाडेको छ । अहिलेको निर्वाचन प्रणालीले निष्ठाको राजनीति ओझेलमा पर्छ, देश चल्न सक्दैन । केही सुधार ल्याउनुपर्छ । प्रत्येक राजनीतिक पार्टीले स्वच्छ छवि भएका, राष्ट्रलाई केही गरौँ भन्ने भावना बोकेका व्यक्तिलाई प्रोत्साहन गरौँ । इमान्दार रोजौँ ।विश्व समुदायमा नेपालीको इमान, अनुशासन, साहस र बलिदानले ख्याति कमाएको छ, सम्मान पाएको छ । संसार अहिले नवीनतम् प्रविधिको अभ्यासमा छ । हामीले यहीँबाट विश्वलाई देखेका छौँ । प्रविधिले त्यो सम्भव गराएको छ । हामीले आफ्नो माटोप्रतिको भावना र राष्ट्रपतिको माया जगाउन सक्नुपर्छ । हाम्रो ठूला संख्यामा युवा र बौद्धिक शक्ति बाहिर गइरहेको छ । जसले त्यहाँको माटो र बाटो बनाउन योगदान गरिरहेका छन् । युवा र विद्यार्थी विदेश पलायनले हाम्रो देश बनाउने कसले भन्ने प्रश्न उठेको छ । हामीले युवालाई राष्ट्रिय भावनाले ओतप्रोत बनाउन सक्नुपर्छ । तलदेखि माथिसम्मकालाई यो देशमा केही गर्छु, एकछाकमात्रै खाएर पनि देश बनाउँछु भन्ने भावना जगाउनुपर्छ । विश्वका धनी देश पनि त्यत्तिकै बनेका होइनन्, त्यहाँका नेता तथा जनताको ठूलो मेहनत र तपस्या छ । यत्रो राजनीतिक परिवर्तन र विश्वमा बेग्लै पहिचान बनाउन सक्ने नेपाली आफ्नो देशको आर्थिक अवस्था बदल्न किन सक्दैनौँ भनेर अब बहसमा ल्याउनुपर्छ । त्यो सोच्ने बेला आइसक्यो । अहिलेसम्मको परिवर्तनमा नेपाली जनताको महत् योगदान छ । जनताका निराशा केही समयभित्रै अन्त्य गर्नुपर्छ । अब हामी सबै देश बनाउन जुटौँ । हामी देश र जनताको हितका लागि इमान्दार भएर लाग्छौँ । तपाईंहरू पनि साथ दिनुहोस् । स्थानीय तहदेखि केन्द्रसम्मका सबैले देशको चौतर्फी विकासका निम्ति राष्ट्रिय सङ्कल्प गरौँ, देश बनाऔँ ।

# समयको मूल्य नबुझ्नेले अरुको भलो गर्न सक्दैनः उपसभामुख

**रासस**
**काठमाडौँ ।**
उपसभामुख इन्दिरा रानाले लोकतन्त्रको सुदृढीकरण तथा राष्ट्रको विकास र समृद्धिका लागि आम नागरिकमा सकारात्मक सन्देश प्रवाह गर्न आवश्यक रहेको बताएकी छन् । संविधानसभा सदस्य महिला मञ्च र नेपाल कानुन समाजद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा उनले राजनीतिक दल र नेता विशेषको स्वार्थ फरक भएर बनाइएका कानुनले देश र जनताको हितमा काम गर्न नसक्ने बताएकी हुन् ।
उपसभामुख रानाले भनिन्, 'प्रत्येक व्यक्तिले आफनो कार्य जिम्मेवारी समयमै सक्नुपर्छ, समयको मूल्य नबुझ्ने व्यक्तिले अरुको भलो गर्न सक्दैन । दिएको मतको अनादर गर्ने र कार्य जिम्मेवारी पूरा नगर्ने राजनीतिक नेता होस् वा कर्मचारीलाई फिर्ता बोलाउने र सेवाबाट अलग गर्ने नीति बनाइ कार्यान्वयन गरिनुपर्ने उनको सुझाव छ । मञ्चका अध्यक्ष दामा शर्माले राज्यका सबै अङ्गमा महिलाको उपस्थिति ३३ प्रतिशत रहनुपर्छ भनी संविधानले स्वीकार गरेको व्यवस्थालाई सरकार र राजनीतिक दलले दायाँबायाँ गर्न नहुने बताए । उनले भने, 'समानुपातिक र समावेशी नेपाल सुनिश्चित नभएसम्म महिलासम्बन्धी माग मुद्दा र आन्दोलन निरन्तर भइरहन्छ । निर्वाचन आयोगले मस्यौदा गरेको निर्वाचनसम्बन्धी कानुन लैङ्गिक तथा सामाजिक समावेशीकरणका दृष्टिमा प्रगतिशील छ ।'सो अवसरमा सहभागी अन्य वक्ताले मुलुकले लोकतन्त्रको उच्चतम अभ्यास गरिरहेको अवस्थामा पनि संविधानले व्यवस्था गरेको महिलाका अधिकारपूर्ण कार्यान्वयन हुन नसकेको बताए । कानुनी व्यवस्था नहुने हो भने राजनीतिक नेतृत्वले अझै पनि महिलालाई अधिकार दिने विषयमा आनाकानी गर्ने गरेको बताउँदै उनीहरुले संविधान र कानुनमा लेख्ने मात्र ठूलो विषय नभइ कार्यान्वयनको पाटो महत्वपूर्ण रहेको प्रतिक्रिया दिए । जनसंख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्ने कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिँदै प्रतिनिधिसभा सदस्यहरुले हरेक कानुनलाई महिला संवेदनशीलताको पाटोबाट हेरिनुपर्ने धारणा राखे । राजनीतिमा महिलालाई अघि बढाउन निर्वाचन क्षेत्रको सुनिश्चिता आवश्यक रहेको बताउँदै उनीहरुले चुनावका समयमा दलहरुबीच हुने गठबन्धनको प्रवृत्तिले महिलाको प्रतिनिधित्व खुम्चिएको धारणा राखे । त्यस अवसरमा सवैधानिक कानुनका जानकार मोहनलाल आचार्यले लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिमा निर्वाचन सम्बन्धी कानुनलाई संशोधन एकीकरण गर्न बनेको विधेयक २०८० मा उल्लेख भएका व्यवस्था र समावेश गर्नुपर्ने विषयबस्तुबारे जानकारी गराए ।

# सामाजिक सुरक्षा कोषमा पर्यटन क्षेत्रका श्रमिक न्यून

**रासस**
**काठमाडौँ ।**
सरकारले लागू गरेको योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा पदयात्रा तथा पर्वतीय पर्यटन क्षेत्रमा कार्यरत श्रमिकको आबद्धता न्यून रहेको बताइएको छ । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)ले सामाजिक सुरक्षा कोषको सहकार्यमा आज यहाँ आयोजना गरेको 'पर्वतीय पर्यटन क्षेत्रमा आबद्ध व्यवसायी तथा श्रमिकका लागि योगदानमा आधारित सुरक्षा प्रणालीमा आबद्धतासम्बन्धी अभिमुखीकरण कार्यक्रम' का वक्ताले सामाजिक सुरक्षा कोषमा पर्यटन क्षेत्रको न्यून उपस्थिति रहेको बताएका हुन् ।

कार्यक्रममा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक नरेशराज खरेलले काम गर्न नसक्ने अवस्थामा सामाजिक सुरक्षा कोषले सहयोग गर्ने भएकाले सबै व्यवसायी तथा श्रमिक उक्त कोषमा आबद्ध हुनुपर्ने बताउनुभयो । "योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले व्यवसायी र श्रमिकबीचको सम्बन्धलाई समेत बलियो बनाउन सहयोग पुग्नेछ," उहाँले भन्नुभयो ।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले विसं २०७६ साउनदेखि लागू भएको योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा हालसम्म पाँच लाखभन्दा बढी श्रमिक आबद्ध भइसकेको र तीन लाख श्रमिकले निरन्तर कोषमा योगदान गरिरहेको उल्लेख गर्नुभयो । श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध हुने हक संविधानले नै प्रदान गरेकाले सरकारले उक्त योजना अगाडि सारेको उहाँको भनाइ छ ।

कोषका उपनिर्देशक दिनेशकुमार कोइरालाले अन्य क्षेत्रको भन्दा पर्यटन क्षेत्रको आबद्धता सामाजिक सुरक्षा कोषमा कमी भएको बताउनुभयो । "सामाजिक सुरक्षा कोषमा पर्यटन क्षेत्रको एक सय ६५ कम्पनीका झन्डै ६ सय श्रमिकमात्र आबद्ध रहेका छन्, यो पर्यटन क्षेत्रका लागि न्यून हो," उहाँले भन्नुभयो ।

टानका अध्यक्ष नीलहरि बाँस्तोलाले श्रमिकका लागि जोखिमपूर्ण मानिएको साहसिक पर्यटन यामअनुसार चल्ने भएकाले सामाजिक सुरक्षा कोषमा यस क्षेत्रको आबद्धता कमी भएको बताउनुभयो । उहाँले टानमा आबद्ध सबै व्यवसायीलाई र त्यहाँ कार्यरत श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउन लागिएको उल्लेख गर्नुभयो ।

टानका वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद दाहालले योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले जोखिमपूर्ण अवस्थामा रहेका नेपालका पर्यटन क्षेत्रमा कार्यरत श्रमिकलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सोही कार्यक्रममा सामाजिक सुरक्षा कोषमा आबद्ध टानका कार्यसमितिको पदाधिकारी तथा सदस्यलाई आबद्धता प्रमाणपत्र वितरण गरिएको टानका महासचिव विनोद सापकोटाले जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड, पर्यटन क्षेत्रमा क्रियाशील नेपाल एसोसिएसन टुर्स एन्ड ट्राभल (नाट्टा), टुरिष्ट गाइड एसोसिएसन अफ नेपाल (टुर्गान), गाउँ पर्यटन प्रवद्र्धन मञ्च (भिटोफ)लगायतका अध्यक्ष एवम् पदाधिकारीको सहभागिता रहेको थियो ।

# करका दर घटबढ हुँदा कारणसहित प्रष्ट पार्नेछौँः मन्त्री

**रासस**
**वीरगंज ।**
अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेट वक्तव्यमा राजस्वको दररेट कायम गर्दा पारदर्शिता अपनाइने बताएका छन् । अर्थमन्त्रालय र वीरगंज उद्योग वाणिज्य सङ्घले आइतबार राजस्व परामर्श तथा बजेट तयारीसम्बन्धी आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा अर्थमन्त्री पुनले विगतका वर्षमा बजेट वक्तव्यमार्फत करको दररेट बढाउँदा वा घटाउँदा विवादास्पद विषय बनेको भन्दै आगामी आवमा करको घटबढ हुनुको कारणसहित स्पष्टिकरण समेट्ने बताएका हुन् ।



'आगामी आवको बजेट निर्माण गर्दा करका दर घटाउँदा वा बढाउँदा त्यो गर्नुको उद्देश्य स्पष्ट ढङ्गले खुलाउने छौँ' उनले भने, 'राजस्वको दररेट घटाउनुको बाध्यतासहितको कारण खुलाउने छौँ । यसले विगतका समयमा जस्तै आएको विवादलाई निरुपण गर्ने अपेक्षा लिएका छौँ ।'

अर्थमन्त्री पुनले कुनै व्यक्ति वा उद्योग विशेषलाई फाइदा पुग्ने गरी राजस्व वा करको दररेट परिवर्तन नगर्ने प्रतिबद्धता व्यक्त गरे । 'यो वर्ष करका दररेटमा कुनै पनि विवाद नआउने गरी काम गर्ने तयारी गरिरहेका छौँ । हामीले प्रष्टैसँग हाम्रो सीमा निर्धारण गरेर सोही अनुसार काम गर्नेछौँ' उनले भने ।

वीरगंजका उद्योगी व्यवसायीले 'आर्थिक नगरी' स्थापना गर्न माग गरेपछि अर्थमन्त्रीले पनि सहजीकरण गर्ने आश्वासन दिए । अर्थमन्त्री पुनले वीरगंजलाई औद्योगिक नगरीको रुपमा अघि बढाउन सङ्घीय सरकारको समर्थन रहने प्रतिबद्धता व्यक्त गरे । 'भर्खरै पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको छ । पोखराको स्थानीय तह र प्रदेशको अगुवाइमा भएको घोषणा कार्यक्रममा प्रधानमन्त्री स्वयम् उपस्थित भएर पर्यटकीय नगरी घोषणा गर्नुभएको छ', अर्थमन्त्री पुनले भने, 'वीरगंजलाई आर्थिक नगरी घोषणा गरियोस् भन्ने उद्योगी व्यवसायीको माग निकै सकारात्मक छ । यो घोषणा गर्नका लागि वीरगंज महानगरपालिका र मधेश प्रदेशले प्रस्ताव गरेको खण्डमा सङ्घीय सरकारको समर्थन रहनेछ ।' वीरगंज औद्योगिक नगरीको साथसाथै आर्थिक राजधानीको सहर पनि भएको उहाँले दाबी गरे ।

'वीरगंजले आर्थिक सहरको रुपमा पनि विशिष्टकृत योगदान पु¥याउँदै आइरहेको छ', अर्थमन्त्री पुनले भने, 'यस अर्थमा यो क्षेत्रलाई विशेष आर्थिक क्षेत्रको रुपमा पनि अघि बढाउन पहल गर्नेछौँ ।' उनले सरकारले जनताको भावना र चाहानालाई समेटेर अघि बढ्ने बताए ।

'हामी राजनीतिककर्मीले राजनीतिक दिशानिर्देश गर्नेछौँ । जनादेशलाई प्रतिविम्ब गर्ने गरी अघि बढ्छौँ', अर्थमन्त्री पुनले भने, 'जो जहाँ छौँ । त्यहाँका साथी त्यही विज्ञ हुनुहुन्छ । प्रशासनमा काम गर्ने सोही क्षेत्रका विज्ञ हुनुहुन्छ । व्यापार÷व्यवसाय गर्ने उद्योगीहरु पनि आफ्नो क्षेत्रको विज्ञ हुनुहुन्छ । सबैले आ–आफ्नो ठाउँबाट हातेमालो गरेर देशको समृद्धि र विकासको बाटोमा अघि बढ्ने नै हो ।' उनले सरकारले औद्योगिक क्षेत्रलाई संरक्षण गर्ने किसिमको नीति अघि सार्ने पनि दाबी गरे ।

# नेपाल 'ए' विरुद्ध आयरल्यान्ड 'क्लिनस्वीप'



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल 'ए'विरुद्धको एकदिवसीय शृंखला आयरल्यान्ड 'ए'ले 'क्लिनस्वीप' गरेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आइतबार भएको प्रतियोगिताको तेस्रो खेलमा नेपाल 'ए'लाई ६९ रनले पराजित गर्दै आयरल्याण्ड 'ए'ले शृंखला क्लिनस्वीप गरेको हो । आयरल्याण्ड 'ए'ले पहिलो खेल २१ रनले र दोस्रो खेल एक सय १४ रनले जितेको थियो ।

आइतबारको खेलमा जितका लागि दुई सय ८५ रनको लक्ष्य पाएको नेपाल ३९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै दुई सय १५ रनमा समेटियो । नेपालका लागि अर्जुन कुमालले सर्वाधिक एक सय दुई रनको योगदान दिए । उनले एक सय १८ बल खेल्ने क्रममा १४ चौका प्रहार गरे । त्यसैगरी अर्जुन साउदले ३० बलमा चार चौका र तीन छक्काको साहयताले ३६ रन बनाए भने नरेन भट्ट र रुपेश सिंहले समान १५÷१५ रन बनाए । देव खनालले ११ रन जोडदा साहब आलमले छ रनमा आउट भए ।

आयरल्याण्ड 'ए'को जितमा बिन ह्वाइट एक्लैले पाँच विकेट लिए भने गाभिन होयले चार विकेट झारे । त्यस्तै म्याथ्यु फोस्टरले एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको आयरल्यान्ड 'ए'ले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर दुई सय ८४ रनको योगफल बनाएको थियो । आयरल्यान्ड 'ए'का लागि स्टीफन डोहनीले शतकीय प्रहार गरे ।

उनले एक सय २९ बल खेल्दै आठ छौका र दुई छक्काको सहयोगमा एक सय सात रनको योगदान दिएका थिए । त्यस्तै पिटर मुरले २४ बलमा दुई चौका र पाँच छक्काको सहयोगमा ४४ रन बनाए । म्याथ्यु हम्फ्रेजले २३ रन बनाए भने मोर्गन टोप्पिङले २१ रन बनाए । त्यस्तै फिन ह्यान्डले २० रन जोडे । नेपाल 'ए'का रिजन ढकाल र रञ्जित कुमारले समान तीन÷तीन विकेट लिए भने विकास आग्री र साहब आलमले समान एक एक/विकेट लिए ।

# गुजरातलाई हराउँदै नेपालले जित्यो उपाधि



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतमा भएको मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताको उपाधि नेपालले जितेको छ । भारतको गुजरातलाई १८ रनले पराजित गर्दै नेपालले 'एसएमएस फ्रेन्डसिप कप टी–२० क्रिकेट प्रतियोगिता'को उपाधि जितेको हो ।

गुजरातको वापीस्थित साई मेघपन स्पोट्सलाइफ मैदानमा आज भएको फाइनल खेलमा नेपालले टस जितेर पहिला ब्याटिङ रोजेको थियो । नेपालले निर्धारित २० ओभरको खेलमा चार विकेट गुमाउँदै एक सय ७६ रनको योगफल बनायो । नेपालले दिएको एक सय ७७ रनको विजयी लक्ष्य पछ्याउने क्रममा गुजरातले २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ५८ रन मात्र बनाउन सक्यो ।

नेपालका ब्याटिङ गर्ने क्रममा कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ७४ रनको योगदान दिए ।

यसक्रममा उनले ४७ बल खेल्दै चार छक्का र पाँच चौका हाने । यस्तै आसिफ शेखले ३४, कुशल मल्लले अविजित ३१ तथा कुशल भुर्तेलले १९ रन बनाए ।

बलिङतर्फ गुजरातका जयमित पटेल, स्नेह पटेल, तेजास पटेल र जाला युवराजसिंहले एक एक विकेट लिए ।

गुजरातका लागि ब्याटिङ गर्ने क्रममा कप्तान उमङ्ग रोहितकुमारले २८ बलमा सर्वाधिक ४० रन बनाए । यस्तै आर्य देसाईले ३६, रुद्र पटेलले १७, हर्ष देसाईले १५ तथा जयमित पटेलले १५ रन जोडे ।

बलिङतर्फ नेपालका अविनाश बोहोराले तीन, दीपेन्द्रसिंह ऐरीले दुई तथा करण केसी र कुशल मल्लले एक एक विकेट लिए ।

# इजराइल 'जितबाट एक कदम टाढा' छ– नेतान्याहु

**एएफपी**
**जेरुसेलम ।**
इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले आइतबार इजराइल गाजा युद्धमा 'जितबाट एक कदम टाढा' रहेको बताएका छन् । उनले हमासले सबै बन्धकलाई मुक्त नगरेसम्म कुनै युद्धविराम नहुने वाचा गरे । हमास लडाकूहरूले इजराइलमा अभूतपूर्व आक्रमण गरेपछि अक्टोबर ७ मा सुरु भएको युद्ध छ महिना पूरा भएको अवसरमा मन्त्रिपरिषद्को बैठकमा उनले भने, 'हामी जितबाट एक कदम टाढा छौँ तर हामीले जुन मूल्य तिरेका छौँ त्यो दर्दनाक र हृदय विदारक छ ।'

अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूसँग कायरोमा युद्धविराम वार्ता पुनः सुरु हुने अपेक्षाबीच उनले भने, 'बन्धकहरूको फिर्तीबिना कुनै युद्धविराम हुनेछैन, यस्तो हुनेछैन । 'इजराइल सम्झौताका लागि तयार छ, इजराइल आत्मसमर्पण गर्न तयार छैन' उनले जोड दिदै भने, 'हमासलाई आफ्नो स्थिति कडा बनाउनका लागि बाध्य बनाउने गरी इजराइलमाथि अन्तर्राष्ट्रिय दबाब दिनुको सट्टा अन्तर्राष्ट्रिय समुदायको दबाब हमासविरुद्ध निर्देशित हुनुपर्छ, यसले बन्धकहरूको रिहाइलाई अगाडि बढाउने छ ।' अप्रिल १ मा गाजामा भएको हवाई हमलामा अमेरिकास्थित खाद्य च्यारिटी वर्ल्ड सेन्ट्रल किचेनका सात सहायताकर्मी मारिएपछि इजराइलले अन्तर्राष्ट्रिय आक्रोशको सामना गर्नुपरेको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार नेतान्याहुसँग टेलिफोनवार्तामा 'तत्काल युद्धविराम' को माग गर्दै इजराइललाई नागरिकहरूको हत्या कम गर्न तथा मानवीय स्थिति सुधार गर्न अमेरिकी समर्थनलाई सःशर्त बनाउने सङ्केत गरे ।

यसैबीच नेतान्याहुले 'आफ्ना प्रतिनिधिहरूमार्फत' इजराइलविरुद्ध धेरै हमलामा इरानको अप्रत्यक्ष हात रहेको आरोप लगाए । 'जसले हामीलाई चोट पुर्याउँछ वा चोट पुर्याउने योजना बनाउँछ, हामी उसलाई चोट पुर्याउने छौँ, हामीले यो सिद्धान्तलाई प्रत्येक समय र हालका दिनमा व्यवहारमा ल्याएका छौँ' उनले भने ।

इरानले सोमबार दमास्कसमा आफ्नो दूतावासको कन्सुलर खण्डमा हवाई हमलामा आफ्ना सात रिभोल्युसनरी गार्डको हत्याका लागि जवाफी कारबाही गर्ने वाचा गरेपछि गाजामा युद्ध फैलने आशङ्का तीव्र भएको छ । इरानका नेताहरूले जवाफी कारवाहीको वाचा गरेका छन् र लेबनानको इरान समर्थित हिजबुल्लाह आन्दोलनका नेता हसन नसरल्लाहले वाणिज्य दूतावासमा भएको हमलालाई 'निर्णायक विन्दु' भनेका छन् ।

# सिरियामा हमलापछि इजराइली दूतावासहरू सुरक्षित छैनः इरान

**एएफपी**
**तेहरान ।**
इरानका सर्वोच्च नेताका एक सल्लाहकारले आइतबार सिरियामा हमलापछि इजराइली दूतावासहरू 'सुरक्षित नभएको' चेतावनी दिएका छन् । सात जना रिभोल्युसनरी गार्डका सदस्यहरू मारिने गरी सिरियाको राजधानी दमास्कसस्थित इरानी दूतावासमा भएको आक्रमणलाई लिएर तेहरानले इजराइलमाथि आरोप लगाएको छ । सर्वोच्च नेता आयातुल्लाह अली खमेनीका वरिष्ठ सल्लाहकार याह्या रहिम सफवीलाई उद्धृत गर्दै आइएसएनए समाचार एजेन्सीले भनेको छ, 'यहुदी शासनका दूतावासहरू अब सुरक्षित छैनन् ।'

तेहरानले सोमबार दमास्कसमा भएको हवाई हमलाको बदला लिने वाचा गरेको छ । हमलामा इरानी दूतावासको कन्सुलर खण्ड नष्ट भएको थियो भने दुई जनरलसहित इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आइआरजिसी) का सदस्य मारिएका थिए । 'प्रतिरोधी मोर्चा तयार छ, यो (प्रतिक्रिया) कस्तो हुनेछ भन्नेबारे हामीले प्रतीक्षा गर्नुपर्नेछ' सफवीले भने, 'यो क्रुर शासनको सामना गर्नु कानूनी र वैध अधिकार हो ।' उनले यस क्षेत्रका वरपर धेरै इजराइली दूतावास 'बन्द गरिएको' बताए । इजराइलका तर्फबाट तत्काल कुनै टिप्पणी आएको छैन ।

बेलायतस्थित युद्ध निगरानीकर्ता सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सका अनुसार सोमबारको हमलामा १६ जना मारिएका थिए । यो एक सातामा सिरियामा पाँचौँ हमला थियो । यसका लागि इजराइललाई दोषी ठहर गरिएको थियो ।

मृतकहरूमा जनरल मोहम्मद रजा जाहेदी र मोहम्मद हादी हाजी रहिमी पनि थिए । उनीहरू आइआरजिसीको विदेशी अपरेसन शाखा कुद्स फोर्सका वरिष्ठ कमान्डर थिए । त्रिसठ्ठी वर्षीय जाहेदीले ४० वर्षभन्दा धैरै समयको करियरमा धैरै कमान्ड सम्हालेका थिए ।

सन् २०२० मा बगदाद विमानस्थलमा अमेरिकाको मिसाइल हमलामा कुद्स फोर्सका प्रमुख जनरल कासिम सुलेमानी मारिएपछि मारिएका जाहेदी सबैभन्दा वरिष्ठ इरानी सैनिक थिए । दमास्कसमा सोमबार भएको हमला गाजा युद्धको पृष्ठभूमिमा भएको थियो । अक्टोबर ७ मा इजराइलमाथि हमासबाट सुरु भएको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार एक सय ७० जनाको ज्यान गएको थियो । तेहरानले हमासलाई समर्थन गर्दछ तर उसले हमलामा कुनै पनि प्रत्यक्ष संलग्नतालाई अस्वीकार गरेको छ । हमासको हमलापछि गाजा क्षेत्रमा हमासविरुद्ध ठूलो मात्रामा इजराइली जवाफी कारवाहीलाई जन्म दिएको छ ।

प्यालेस्टिनी क्षेत्रमा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार छ महिनाको युद्धका क्रममा त्यहाँ कम्तीमा ३३ हजार एक सय ७५ मानिस मारिएका छन् । इरानले इजराइललाई मान्यता दिँदैन र दुवै मुलुकले वर्षौंसम्म छायाँ युद्ध लडेका छन् । इरानले इजराइलमाथि उसको आणविक कार्यक्रमलाई निशाना बनाउँदै तोडफोड र हत्याहरूको शृंखला चलाएको आरोप लगाएको छ ।

# उपचार सेवामा पहुँच बढाउँदै स्वास्थ्य बीमा कार्यक्रम

**रासस**
**काठमाडौँ ।**
आर्थिक रुपमा गरिब भएका मानिसलाई उपचारको एकमात्र माध्यमको रुपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । २०७२ सालमा कैलालीबाट शुरु भएको स्वास्थ्य बीमा कार्यक्रमले धनीदेखि विपन्न नागरिकलाई उपचार सेवा पु¥याउँदै आएको छ । स्वास्थ्य बीमा बोर्डले नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बिमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा शुरुवात भएको हो । यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच प्राप्त गर्नेतर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ । बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौँलाले धनीले गरिबलाई, हुनेले नहुनेलाई उपचारमा सहयोग गर्ने उद्देश्यका साथ बीमा कार्यक्रम ल्याएको बताए । स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि तीन हजार पाँच सय रुपियाँ बराबरको योगदानको आधारमा एक लाख रुपियाँसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै थप प्रति सदस्य ७०० रुपैयाँका दरले योगदान रकम थपिदै जाने र प्रतिसदस्य २० हजार रुपियाँ बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । बीमा कार्यक्रमको सेवा सुविधाको सीमा दुई लाख रुपियाँसम्म तोकिएको छ । बोर्डका अध्यक्ष डा. गुणराज लोहनीले चिकित्सक र अस्पतालको मुख नदेखेका गरिबी, विपन्न परिवारलाई बीमा कार्यक्रममार्फत उपचार सेवा प्रदान गरिरहेको बताए । ‘गरिब दिन दुःखीलाई उपचारको माध्यम बीमा कार्यक्रम रहेको छ’ उनले भने, ‘बिमालाई अझ प्रभावकारी कार्यन्वयन गरी सबैलाई समेटनुपर्दछ ।’ नेपालको सन्दर्भमा स्वास्थ्य बीमा कार्यक्रमको थालनी २०३३ सालदेखि तत्कालीन शान्ता भवन अस्पताल, पाटनले ललितपुर जिल्लाका केही समुदायबाट सुरु गरेको पाइन्छ । तर पछि त्यसले निरन्तरता पाउन सकेन । नागरिकको समेत केही योगदान रहने गरी नागरिक र राज्यको साझेदारीमा स्वास्थ्य सेवा पु¥याउने शुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रम अहिले ७७ जिल्लाका ७५२ स्थानीय तहमा कार्यक्रम शुरुआत गरिएको छ । यसैवर्ष काठमाडौँ र ललितपुर महानगरपालिकाले बीमा कार्यक्रम शुरु गरेका हुन् । अहिले काठमाडौँको बुढानीलकण्ठ नगरपालिका मात्र स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको छैन । नगरपालिकाले स्वास्थ्य बीमा बोर्डसँग पहिलो चरणको छलफल गरी निकट भविष्यमा नै कार्यक्रम लागु गर्ने तयारी गरेको बोर्डका सूचना अधिकारी ओमकुमारी कडेलले जानकारी दिए ।

### बढ्दै बीमा गर्ने

कार्यकारी निर्देशक डा. बसौँलाले बीमा कार्यक्रमप्रति आम नागरिकको सचेतना बढदै र स्थानीय तहले पनि अपनत्व लिएको हुनाले बढ्दो क्रममा रहेको बताउँछन् । स्वास्थ्य बीमा कार्यक्रममा विगत तीन वर्षदेखि सेवा उपभोग गर्ने बिमितको प्रतिशत विश्लेषण गर्दा आव २०७७÷७८ मा २९ प्रतिशत देखि बढेर आव २०७९÷८० मा ३८ प्रतिशत पुगेको थियो । बीमा कार्यक्रममा कूल बिमित परिवार संख्या २३ लाख ९२ हजार ६७६ जना (३५.८८ प्रतिशत) र कुल बिमित जनसंख्या ७७ लाख ४१ हजार ४८३ जना (२६.५४ प्रतिशत) रहेको छ । यस्तै कुल बिमितमध्ये सेवा लिनेको संख्या ३६ लाख ५२ हजार ४३२ जना (४७.१८ प्रतिशत ) र नवीकरण गर्ने बिमित ४८ लाख आठ हजार ७६० जना (६२.११ प्रतिशत) रहेको छ । अहिले स्वास्थ्य बीमा कार्यक्रममार्फत एक हजार ३३ प्रकारका औषधि उपलब्ध हुन्छ । बीमा कार्यक्रमले व्यक्तिको स्वास्थ्य उपचारका क्रममा लाग्ने खर्चका लागि वित्तीय संरक्षण प्रदान गर्दै स्वास्थ्यमा अप्रत्याशित उपचार खर्च कम गरी गरिबीको रेखातिर जानबाट जोगाउने विश्वास गरिएको छ । जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाको माध्यमबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नु रहेको छ ।




### सहभुक्तानी प्रणाली सुरु



बिमितले जसरी पनि एक लाखको उपचार गर्नुपर्दछ भन्ने विमितको गलत बुझाइ रहेको छ । कार्यकारी निर्देशक डा. बसौलाले आफूले उपचार नगर्दा मेरो सहयोगले अरुले उपचार सेवा पाइरहेको हुन्छ भन्ने कुरा नबुझेको हुनाले समस्या रहेको बताए । ‘बिमितले एक वर्षसम्म उपचार सेवा नपाए ओ हो मैले उपचार गरेवापत एक लाख खर्च गर्नुपर्दछ । मैले उपचार गर्नेपर्दछ भनेर गलत बुझाई रहेको छ’, उनले भने, ‘बिमितले उपचार नगरे सोही रकमबाट अर्को बिमितको उपचार हुन्छ भन्ने राम्रासँग बुझेका छैनन् । त्यसैले गर्दा पनि समस्या आएको हो ।’ बोर्डले सरकारी अस्पतालमा उपचार गरे १० प्रतिशत र निजी अस्पतालमा उपचार गरे २० प्रतिशत सहभुक्तानी प्रणाली लागु गरेको छ । यसअघि बोर्डमा आवद्ध भएकाले कुनै पनि बिमितले उपचार गरेवापत खर्च तिर्नु पर्दैनथ्यो । बोर्डका कार्यकारी निर्देशक डा बसौलाले अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्नका लागि परीक्षणका रुपमा सहभुक्तानी प्रणाली लागु गरिएको बताए । ‘बिमितहरुले अनावश्यक रुपमा चिकित्सकलाई दबाब दिएर स्वास्थ्य परीक्षण गराउन थाले’ उनले भने, ‘त्यसलाई निरुत्साहित गर्नका लागि आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर विरामीलाई १० देखि २० प्रतिशत तिराउने निर्णय गरेका हौँ ।’ सरकारले घोषणा गरेका लक्षित वर्ग (विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता, दीर्घरोगी) र आकस्मिक कक्षमा उपचार गराउनुको साथै प्राथमिक स्वास्थ्य केन्द्र र १५ शैय्यासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बिमितले सहभुक्तानी रकम तिर्नु पर्दैन । बोर्डका कार्यकारी निर्देक डा बसौलाले उपचारको सुविधा थैली समय अनुसार परिमार्जन गर्ने भएकाले थैली बढाउने तयारी गरिएको बताए । उनले योगदान रकम पनि बढाउने र सोही अनुसार उपचार सेवावापत गरिएको सीमा एक लाखबाट बढाउने तयारी गरिएको बताए । अहिले तीन हजार ५०० बराबरको योगदानमा एक लाख रुपियाँसम्म उपचार खर्च पाउने गर्दछन् ।

### भुक्तानी कात्तिकसम्म मात्र बाँकी

देशका चार सय ६५ अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ । दिनमा ३० हजार व्यक्तिले बीमा कार्यक्रममार्फत उपचार गर्ने गरेको दाबी बोर्डमा आउने गरेको छ । केही सत्यापन गर्नका केही दाबी रोकिएको बताए । साउनसम्मको भुक्तानी भइसकेको र कात्तिकसम्मको भुक्तानीको चरणमा रहेको छ । बोर्डका कार्यकारी निर्देशक डा.बसौलाले चालु आवको कुल भुक्तानी छ अर्ब ४४ करोड १६ लाख ९९ हजार सात सय ५५ रुपैयाँ भइसकेको छ । उनका अनुसार अहिलेसम्म करिब छ अर्ब भुक्तानी गर्न बाँकी रहेकाले चाँडै नै भुक्तानी गर्ने बताए ।

### नागरिकलाई बरदान सरह

गरिबी, आर्थिक हैसियत कम भएका मानिसले उपचार गर्ने एक माध्यमको रुपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । अहिले पनि कति नागरिकले बीमा कार्यक्रमबाट थोरै रुपियाँमा स्वास्थ्य सेवा पाएर जीवन वरदान पाएको कार्यकारी निर्देशक डा बसौला बताउँछन् । ‘उपचारका लागि पाँच हजार रुपियाँ पनि खर्च गर्ने सक्रे हैसियत नभएका गरिवी, विपन्नको एक लाखसम्म औषधि उपचार गर्न पाएका छन् । कतिले यसलाई बरदान पनि भनेका छन् । गरिवीले महगो उपचार गर्दा सडकमा आउनुपर्दछ । तर बिमामार्फत त्यस्ता गरिवी दिनदुःखीको उपचार सरकारले गरेको छ’, उनले भने, ‘कोही पनि पैसाको अभावमा रोग लुकाएर बस्नु परेको छैन । आर्थिक अभाव भएका लागि उपचारका लागि एकमात्र माध्यम स्वास्थ्य बीमा कार्यक्रम रहेको छ ।’ आव २०७९÷८० मा स्वास्थ्य बीमामा आबद्ध ४६ लाख ५८ हजार तीन सय ३१ जना बिमित मध्ये सेवा उपभोग गर्ने १७ लाख ८५ हजार आठ सय ३३ रहेको छन् । कार्यक्रममा आबद्ध भएका बिमितमध्ये सबैभन्दा धेरै सेवा उपभोग गर्ने बिमितको रुपमा सामान्य बिमित रहेका छन् । उमेरको आधारमा बिमितको विवरण हेर्दा १५ देखि ५९ वर्ष उमेर समूहको बिमित ५६ प्रतिशत छन् भने सबैभन्दा कम सात प्रतिशत, ६० देखि ६९ वर्ष उमेर समूहका जनसङ्ख्या बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ । आव २०७९÷८० को कुल क्रियाशील बिमितमध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै २८ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम मात्र छ प्रतिशत रहेको छ । यस्तै उपचार सेवा उपभोग गर्नेमा कोशी प्रदेशमा सबैभन्दा धेरै ४३ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७ प्रतिशत रहेको छ । सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको आधारमा हेर्दा ६१ प्रतिशत बिमितले सरकारी अस्पतालबाट सेवा उपभोग गरेको देखिन्छ । त्यस्तै जिल्लागत रुपमा हेर्दा पाल्पा, जुम्ला, चितवन, भक्तपुर र झापा जिल्लामा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध क्रियाशील जनसंख्या सम्बन्धित जिल्लाको जनसङ्ख्याको ४० प्रतिशतभन्दा माथि रहेका छन् भने धनुषा, महोत्तरी, सर्लाही र काठमाडौँ जिल्लामा सबैभन्दा कम तीन प्रतिशत जनसंख्या स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ । बिमालाई स्वेच्छिक राखिएको हुनाले सोचेजस्तो विमित नभएको बोर्डका कार्यकारी निर्देशक डा. बसौलाको भनाई रहेको छ ।




### प्रभावकारी बनाउने के गर्ने

बोर्डका कार्यकारी निर्देशक डा. बसौँलाले नागरिकले सहज रुपमा सेवा उपलब्ध गराउनुपर्ने बताउँछन् । बिमाका बारेमा नबुझेका मानिसलाई बुझाउन आवश्यक रहेको बताए । सङ्घ, प्रदेश र स्थानीय तहको अपनत्व लिई कार्यक्रमलाई प्रभावकारी बनाउन सकिने उनको भनाई रहेको छ । बोर्डका अध्यक्ष डा. लोहनीले बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सेवालाई राम्रो, जनचेतना र गाउँगाउँमा बीमा कार्यक्रमबारे जनचेतजना जगाउनुपर्ने आवश्यक रहेको बताउनुहुन्छ । उनले सेवालाई प्रभावकारी बनाउनका लागि अनलाइनमार्फत दर्ता प्रक्रिया पनि चाँडै नै शुरु गर्ने बताए । उनले सात सय ५२ स्थानीय तहमा बीमा कार्यक्रम लागु गरिए पनि निजामती कर्मचारी, शिक्षक, सुरक्षाकर्मी र अन्य कर्मचारीमा पुग्न नसकेको उनको भनाइ छ ।

### नवीकरण सबैले गर्दैनन्

सेवामा सन्तुष्टि नभएकाले नवीकरण गर्ने गरेको उनी बताउँछन् । चार सयभन्दा बढी स्थानीय तहमा अस्पताल नभएकाले बीमा कार्यक्रमका सहजकर्ता नहुँदा नवीकरणमा समस्या भएको उनी बताउँछन् । बिमित परिवार २३ लाख ९२ हजार छ सय ७६ मध्ये नवीकरण गर्ने परिवार १५ लाख ७१ हजार पाँच सय ५५ जना (६५.६८ प्रतिशत) रहेको छन् । ‘चार सय वटा स्थानीय तहमा सेवा प्रदायक (अस्पताल) रहेका छैनन्’, उनले भने, ‘अस्पताल नभएकाले ती स्थानीय तहमा नवीकरण हुन सकेको छैन ।’ सरकारले अतिगरिब, ज्येष्ठ नागरिक, एचआइभी सङक्रमित, अतिअशक्त अपाङ्गता, कुष्ठरोग सङ्क्रमित र महिला स्वास्थ्य स्वयसेविकाको निःशुल्क बीमा गरिने दिने गरेको छ । अतिगरिब पाँच लाख १४ हजार छ सय १८ जना, ज्येष्ठ नागरिक नौ लाख ३० हजार तीन ९७ जना, एचआइभी सङ्क्रमित ३६ हजार आठ सय ८१ जना, अतिअशक्त अपाङ्गता एक लाख ४१ हजार दुई सय २३ जना, क्षयरोगका बिरामी तीन हजार तीन सय ३१ जना, कुष्ठरोग सङ्क्रमित तीन हजार छ सय ८५ जना र महिला स्वास्थ्य स्वयंसेविका एक लाख ३२ हजार पाँच सय ६७ जना रहेका छन् ।

# स्वास्थ्य बीमाको भुक्तानी व्यवस्था सरल हुनुपर्छः प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी तुल्याएर अझ सेवामैत्री तुल्याउनका लागि भुक्तानी व्यवस्थालाई सरल बनाउन सुझाव दिएका छन् । आठौँ स्वास्थ्य बीमा दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले स्वास्थ्य बीमा बोर्डले लागू गरेको सहभुक्तानीको व्यवस्थालाई सेवामैत्री बनाउनुपर्नेमा जोड दिए । ‘अनलाइन सदस्यता दर्ताको व्यवस्था, सही समयमा दाबी गर्ने प्रणाली, प्रविधिमैत्री बीमा प्रणाली जस्ता व्यवस्था र प्रावधानहरू चुनौतीलक्षित सुधारका योजनाहरू हुन्’, प्रधानमन्त्री प्रचण्डले भने, ‘स्वास्थ्य सेवालाई समतामूलक ढङ्गले स्वास्थ्य बीमामार्फत उपलब्ध गराई ‘सुशासन, सामाजिक न्याय र समृद्धि’ को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न कार्यक्रमलाई सार्थक र प्रभावकारी बनाउनैपर्दछ । यसका लागि सरकार सधैँ प्रतिबद्ध छ ।’ यस कार्यक्रममा आकर्षण बढाउन राज्य र सेवाप्रदायक निकायबाट लिनुपर्ने महत्त्वपूर्ण कार्यभारलाई पूरा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले बीमितले सेवा लिने प्रक्रिया सरल बनाउने, सेवाको गुणस्तर कायम गर्ने, सेवाप्रदायक संस्थाहरूलाई अझ सेवामैत्री बनाउनेलगायतका विषयमा ध्यान निर्देशन दिए । उनले सुशासन तथा वित्तीय अनुशासन कायम राख्ने र स्वास्थ्य बीमा कार्यक्रमबारे प्रभावकारी साक्षरता अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए ।



नेपाल सरकारले उच्च प्राथमिकतामा राखी सबै स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने एवम् सङ्घीय, प्रदेश र स्थानीय सरकारबाट प्रदान गरिने सेवा तथा सिफारिसमा स्वास्थ्य बीमा कार्ड अनिवार्य गर्नेजस्ता महत्त्वपूर्ण नीतिगत सुधारहरूबाट स्वास्थ्य बीमा कार्यक्रमको मात्रा र गुणस्तरमा विकास हुने अपेक्षा गरिएको बताए । बीमा रकमलाई बढोत्तरी गरी स्वास्थ्य कार्यक्रममा आकर्षण एवम् प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले यस कार्यक्रमलाई राष्ट्रिय गौरवको कार्यक्रमका रूपमा विकास गर्न सकिने बताए । उनले स्वास्थ्य बीमा कार्यक्रमको सम्भावनालाई दृष्टिगत गर्दै आवश्यक अध्ययनका आधारमा यथोचित निष्कर्षमा पुगिने स्पष्ट पारे । लोककल्याणकारी राज्यको अवधारणा अनुरुप नागरिकको स्वास्थ्यप्रति प्रतिबद्ध रही ‘तपाईंको स्वास्थ्य हाम्रो अठोट’ भन्ने मूल नाराका साथ २०७२ चैत २५ गतेदेखि कैलाली जिल्लाबाट सुरुवात गरिएको स्वास्थ्य बीमा कार्यक्रम राज्यको प्राथमिकता प्राप्त सहभागितामूलक कार्यक्रम हो । कार्यक्रमको दायरा बिस्तार गरी यसलाई सार्थक र प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाइ छ । कार्यक्रममा प्रधानमन्त्री दाहालले बुढानिलकण्ठ नगरपालिकाका जेष्ठ नागरिकलाई बीमा प्रमाणपत्र हस्तान्तरण गरे । आइतबारदेखि त्यो कार्यक्रम सात सय ५३ वटै स्थानीय तहमा शुरु भएको छ । कार्यक्रममा स्वाथ्य बीमा बोर्डका अध्यक्ष डा गुणराज लोहनीले बीमाको दायरालाई थप बिस्तार गरिएको जानकारी दिए । अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा शिवराज अधिकारीले बीमा कार्यक्रमको महत्व, यसको आवश्यकता र सुधारका विभिन्न पाटा पक्षबारेमा चर्चा गर्दै कार्यक्रमलाई थप सरल बनाउनका लागि पहल गरिने बताए । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेलले नेपालमा उत्पादित औषधिलाई थप व्यवस्थित बनाएर बीमा कार्यक्रमलाई परिस्कृत र व्यवहारिक बनाउँदै लगिने बताए ।

# अर्थमन्त्रीद्वारा वीरगंज भन्सार कार्यालय निरीक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
अर्थमन्त्री वर्षमान पुनले वीरगंज भन्सार कार्यालयको स्थलगत निरीक्षण भ्रमण गरेका छन् । कर राजश्वको ४० प्रतिशत हिस्सा ओगट्दै आएको वीरगंज मुलुकको प्रमुख भन्सार नाका हो । अर्थमन्त्री नियुक्त भएसँगै उनले पहिलो पटक वीरगंज भन्सार नाकाको स्थलगत निरिक्षण गरेका हुन् । निरीक्षणपछि भन्सार कार्यालयमा आइतबार नै अर्थमन्त्री पुनले राजश्व चुहावट नियन्त्रण समितिको बैठक राखेका थिए । बैठकमा अर्थ मन्त्रालयका राजश्व सचिव डा. रामप्रसाद घिमिरे, भन्सार विभागका महानिर्देशक ढुण्डीप्रसाद निरौला, आन्तरिक राजश्व विभागका उपमहानिर्देशक सेवन्तक पोखरेल, वीरगंज भन्सारका प्रमुख डिलाराम पन्थी, बारा, पर्सा र रौतहटका प्रमुख जिल्ला अधिकारी तथा प्रहरी र सशस्त्र प्रहरी प्रमुखलगायत सहभागी थिए । बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री पुनले नेपाल भारत खुला सीमाको कारण हुने गरेको चोरी पैठारी नियन्त्रण गरी राजश्व चुहावट रोक्न सम्बद्ध अधिकारीलाई निर्देशन दिए । चोरी पैठारी नियन्त्रण गर्दा राम्रा र वैध बाटोबाट काम गर्ने व्यवसायीलाई फाइदा पुग्ने र खराब प्रवृत्तिकाहरू दण्डित हुने उनले बताए ।

अर्थमन्त्री पुनले चालु आर्थिक वर्षको ८ महिना सकिनै लाग्दा राजश्व सङ्कलनको अवस्था उत्साहजनक नरहेको भन्दै सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गर्न र स्थानीयलाई विश्वासमा लिन कर्मचारीलाई निर्देशन दिए । खुला सीमा नाकाबाट हुने चोरी निकासी नियन्त्रण गर्दा उद्योगी व्यवसायीलाई त्यसबाट पुग्ने फाइदाबारे अवगत गराउन आग्रह गर्दै सीमा क्षेत्रमा चोरी पैठारी रोक्न भन्सार कर्मचारी, प्रहरी, सशस्त्र प्रहरी र स्थानीय जनप्रतिनिधि मिलेर कामगर्नु पर्ने कुरामा जोड दिए । चुहावट नियन्त्रण समितिको बैठकपछि मन्त्री पुनले वीरगंज भन्सार कार्यालय, भन्सार कार्यालय गौर, आन्तरिक राजश्व कार्यालय सिमरा तथा वीरगंज, सुख्खा बन्दरगाह सिर्सिया वीरगंजका कर्मचारीहरुर्लाई असल नियतले काम गर्दा समस्यामा परे सहजीकरणका लागि सधैँ आफू तयार रहेको बताए । उनले गलती नगर्ने कर्मचारी नफस्ने बताउँदै देशको हितलाई सोचेर काम गर्न निर्देशन दिए ।

# नारायणी रंगशाला पुनःनिर्माणका लागि प्रतिबद्ध छुः मन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठले वीरगंजको नारायणी रंगशालाको स्थलगत निरीक्षण गरेका छन् । वर्षौंदेखि मर्मत सम्भार नहुँदा दशरथ रंगशाला पछिको देशकै ठूलो रंगशालाको रुपमा रहेको नारायणी रंगशाला जीर्ण अवस्थामा छ । स्थलगत निरिक्षणका क्रममा वीरगंजबासीले रंगशाला पुनःनिर्माणका लागि खेलकुद मन्त्री श्रेष्ठलाई ज्ञापनपत्र समेत बुझाएका छन् । नारायणी रंगशालामा आयोजित एक कार्यक्रमकाबीच वीरगंजका खेलप्रेमी र अगुवाहरुले ज्ञापनपत्र बुझाँउदै नारायणी रंगशालाको जीर्णोद्धार र पुनःनिर्माणका लागि आग्रह गरेका हुन् । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको उपस्थितिमा पर्सा क्रिकेट संघका अध्यक्ष मनिष सिंह लगायतले मन्त्री श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्र बुझ्दै मन्त्री श्रेष्ठले नारायणी रंगशालाको पुनःनिर्माणका लागि आगामी बजेटमा आवश्यक रकम विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे । २०४२ सालमा वीरगंजबासीकै अग्रसरतामा १८ बिगाहा क्षेत्रफलमा निर्माण गरिएको रंगशाला मर्मत सम्भारको अभावमा बर्षौदेखि जीर्ण बन्दै गइरहेको छ । झण्डै ३५ हजार दर्शक अटाउन सक्ने क्षमताको रंगशालाका प्याराफिटहरु ठाँउ ठाँउमा भत्किएका छन् भने पर्खालहरुपनि जीर्ण अवस्थामा छन् । चार बर्षपहिले राष्ट्रिय खेलकुद परिषदले रंगशालाको जीर्णोद्धार र पुर्ननिर्माणका लागि डिपिआर बनाएको थियो । त्यसमा २ अर्ब ६४ करोड रुपैयाँ लागत लाग्ने उल्लेख थियो । त्यसपछि सरकारले रंगशालाको पुर्ननिर्माणका लागि ७ करोड रुपैयाँमात्र विनियोजन गरेको थियो । पुनःनिर्माणको काम सुरु गरिएपनि रकम अभावले दुई बर्षदेखि त्यो काम रोकिएर अलपत्र अवस्थामा छ । रंगशालाको स्थलगत निरीक्षणमा मन्त्री श्रेष्ठसँगै राष्ट्रिय स्वतन्त्र पाटीका केन्द्रिय सदस्य तथा सांसद मनिष झा, रास्वपाका नेताहरु मुर्ली जलान, महादेव कुर्मी, शेखर अग्रवाल, दिपराज पटेल, मुकेश पटेल लगायतको सहभागिता रहेको थियो । रंगशालाको निरीक्षणपछि आइतबार नै वीरगंज महानगरपालिकाको कार्यालयमा पुगेका मन्त्री श्रेष्ठलाई वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले स्वागत गरेका थिए । प्रमुख सिंहले समेत नारायणी रंगशालाको जीर्णोद्धार र पुनःनिर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिदिन आग्रह गरे ।

## ‘कभर्ड हल निर्माणमा सहयोग गर्छु’

संघीय युवा तथा खेलकुद मन्त्री बिराजभक्त श्रेष्ठले कलैयामा आधुनिक खेल मैदान तथा कभर्ड हल निर्माण गर्न सक्दो सहयोग गर्ने बताएका छन् । कलैया उपमहानगरपालिकाको आयोजनामा आयोजित मन्त्री श्रेष्ठको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै उनले खेलाडी उत्पादन गर्ने उर्वर भुमिको रुपमा रहेको कलैयामा क्रीकेट, फुटबल, कबड्डी, कराते लगायतको खेलका लागि आवश्यक पूर्वाधर निर्माण गर्न आफुले सक्दो प्रयास गर्ने बताए । उनले खेलकुद तथा शिक्षा मन्त्रालयको समन्वयमा हरेक विद्यालयमा खेल शिक्षक नियुक्त गर्ने र त्यसमा स्वयम्सेवक प्रशिक्षकका रुपमा खटेका प्रशिक्षहरुलाई समावेश गर्ने गृहकार्य भईरहेको बताए । यसअघि नगर प्रमुख बिनोद साहले कलैयाको वडा नं. ४ मा कभर्ड हल, वडा न.१४ मा क्रिकेट ग्राउण्ड तथा वडा नं. २५ मा फुटबल मैदान निर्माण गर्न जग्गा व्यवस्थापन गरिसकेको र ती जग्गाहरुमा भौतिक संरचना निर्माणकालागि मन्त्रालयबाट सहयोग गर्न मन्त्री श्रेष्ठसँग आग्रह गरेका थिए । उनले खेलाडीहरुको समुचित विकासका लागि आफुहरुले प्रयास गरिरहेको भएतापनि संघीय सरकारको सहयोग बिना चौतर्फी विकास सम्भव नरहेको बताए । नगर खेलकुद बिकाश समितिका संयोजक एम.समिउल्लाह, जनप्रतिनिधी, बारा जिल्ला क्रिकेट संघका अध्यक्ष प्रभात चौरसिया, सितोरियो करातेका प्रशिक्षक अनिल पाण्डेय, प्रभु मण्डल, विभिन्न खेल खेलका व्यक्तित्व, खेलाडी लगायतको सहभागिता रहेको थियो ।

# काठमाडौँको सभा सफल भएको आजपाको निष्कर्ष


"विश्वभरका श्रमजीवी तथा उत्पीडित एक होऔं !"
आम जनता पार्टी
AAM JANATA PARTY
केन्द्रीय समिति (Central Committee)

पत्र संख्या
चलानी नं.
मिति: २०८०/१२/२५

प्रेस - विज्ञप्ति

हिजो चैत्र २४ गते काठमाडौंको मुटु रत्नपार्क - भृकुटीमण्डपमा हाम्रो गौरवशाली पार्टी आम जनता पार्टीद्वारा जनआन्दोलन दिवसको अवसरमा आयोजित विशाल जनप्रदर्शन तथा खबरदारी सभा राज्यसत्ता एवं प्रतिक्रियावादी शक्ति केन्द्रहरुको षडयन्त्र र घेराबन्दी तथा प्रहरी प्रशासनको अवरोध एवं असहयोगका बाबजुद पनि अपार उत्साहजनक जनसहभागिताका साथ पार्टी अध्यक्ष मा. प्रभु साहज्यूको समुपस्थितिमा सभ्य एवं भव्य रुपमा सम्पन्न भएको छ । यस ऐतिहासिक सन्दर्भमा सर्वप्रथम, हामीले महान शहीदहरुलाई स-सम्मान स्मरण गर्दै श्रद्धा-सुमन प्रकट गरी शहीदका अधुरा सपनाहरुलाई पुरा गर्ने दृढ संकल्प सहित जनआन्दोलनका प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै वर्तमान लुटकारी दलतन्त्र विरुद्ध तेस्रो जनआन्दोलनको शंखनाद समेत गरेका छौं ।

त्यसैगरी, काठमाडौंमा खुद्रा व्यापारी, कबाडी, सुकुम्बासी र गार्मेंट लगायतका मेहनतकश श्रमजीवीहरुको पक्षमा सुरक्षा प्रदान गर्न शशक्त प्रतिवाद गर्ने तथा महिला, मधेशी, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, थारु सहितका सीमान्तकृत एवं अल्पसंख्यक शोषित - उत्पीडित वर्ग र समुदायको पहिचान र सम्मानका लागि सदैव संघर्षको अग्रभागमा लड्ने प्रतिबद्धता व्यक्त गरेका छौं ।

मुख्यतः महिला तथा युवा - विद्यार्थी साथीहरुको निर्भिक एवं सहासीक प्रदर्शन, कलाकारहरुको मार्मिक एवं वस्तुवादी दृष्टिकोणका बेजोड प्रस्तुतिहरु तथा जनजातिहरुको पहिचानमा आधारित झाँकीहरुले विशेष रुपमा कार्यक्रममा अलग रौनकता सहित चारचाँद लगाएको निश्कर्ष सहित यस ऐतिहासिक संघर्षको मोर्चामा विरता एवं गौरवपूर्ण सक्रिय साथ, सहयोग र सहभागिता जनाउनु हुने सम्पूर्ण प्रगतिशील, देशभक्त, न्यायप्रेमी आदरणीय आम जनसमुदाय, पत्रकार, युवा - विद्यार्थी, बुद्धिजीवी, नागरिक अगुवा, सुरक्षाकर्मी सबै - सबैमा सहर्ष हार्दिक आभार सहित विशेष धन्यवाद व्यक्त गरिन्छ । धन्यवाद !

चन्द्र भुषण साह
केन्द्रीय प्रवक्ता

aamjanataparty1@gmail.com +977-9851122163

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)ले शनिबार काठमाडौँमा आयोजना गरेको जनप्रदर्शन र खबरदारी सभा राज्यसत्ता र प्रतिक्रियावादी शक्ति केन्द्रहरुको षड्यन्त्रको बावजुदपनि सफल भएको निष्कर्ष निकालेको छ । आजपाका केन्द्रीय प्रवक्ता चन्द्रभुषण साहले आइतबार एक विज्ञप्ती निकाल्दै बृहत्त जनप्रदर्शनमा सहभागिता जनाउनेहरुप्रति हार्दिक आभारसमेत व्यक्त गरेका छन् ।
विज्ञप्तीमा खबरदारी सभाले शहीदका अधुरा सपना पूरा गर्ने दृढ संकल्प लिएको र जनआन्दोलनका प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै वर्तमान लुटकारी दलतन्त्रविरुद्ध तेस्रो जनआन्दोलनको शंखानाद समेत गरेको उल्लेख गरिएको छ । ‘विशाल जनप्रदर्शन तथा खबरदारी सभा राज्यसत्ता एवम् प्रतिक्रियावादी शक्ति केन्द्रहरुको षडयन्त्र र घेराबन्दी तथा प्रहरी प्रशासनको अवरोध एवम् असहयोगका बाबजूद पनि अपार उत्साहजनक जनसहभागिताका साथ पार्टी अध्यक्ष मा. प्रभु साहज्यूको समुपस्थितिमा सभ्य एवम भव्य रुपमा सम्पन्न भएको छ । यस ऐतिहासिक सन्दर्भमा सर्वप्रथम, हामीले महान शहीदहरुलाई स–सम्मान स्मरण गर्दै श्रद्धा–सुमन प्रकट गरी शहीदका अधुरा सपनाहरुलाई पुरा गर्ने दृढ संकल्प सहित जनआन्दोलनका प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै वर्तमान लुटकारी दलतन्त्र विरुद्ध तेस्रो जनआन्दोलनको शंखनाद समेत गरेका छौँ ।’ विज्ञप्तीमा उल्लेख गरिएको छ ।
साथै काठमाडौँमा खुद्रा व्यापारी, कबाडी, सुकुम्बासी र गारमेन्ट लगायतका श्रमजीवीहरुको पक्षमा सुरक्षा प्रदान गर्न शशक्त प्रतिवाद गर्ने तथा महिला, मधेशी, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, थारु सहितका सीमान्तकृत एवम् अल्पसंख्यक शोषित– उत्पीडित वर्ग र समुदायको पहिचान र सम्मानका लागि सदैव संघर्षको अग्रभागमा लड्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# पर्सा राष्ट्रिय निकुञ्जमा पर्यटक वृद्धि



**रासस**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्जमा आउने पर्यटकको संख्या बढ्दै गएको छ । रैथाने हात्तीको प्रमुख बासस्थान मानिएको निकुञ्जमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको हो ।
पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले निकुञ्जलाई २०७४ सालमा देशको १२औँ संरक्षित क्षेत्रका रूपमा घोषणा गरेको थियो । पर्सासहित बारा र मकवानपुर गरी तीन जिल्लासँग जोडिएको निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकका लागि खुला गरिएको छ । प्राकृतिक सौन्दर्यसँगै वन्यजन्तुको जैविक विविधताले धनी निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटक आउने क्रम बढेको निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले बताए । ‘विगतभन्दा अहिले निकुञ्जमा आन्तरिक तथा भारतका पर्यटक आउने क्रम बढेको छ’, उनले भने, ‘बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेका छन् ।’ चालु आर्थिक वर्षको आठ महिनामा छ सय १३ जना पर्यटक आएका छन् । निकुञ्ज घुम्न आउने पर्यटकमा सार्क मुलुकका १४ र गैरसार्क राष्ट्रका एकजना विदेशी पर्यटक छन् ।
अघिल्लो आवको आठ महिनामा एक सय ४० पर्यटकले मात्र निकुञ्जमा भ्रमण गरेका थिए । आव २०७९÷८० मा पर्सा राष्ट्रिय निकुञ्जमा ७२ जना भारतसहित सार्क मुलुक र ३२ जना अन्य देशका पर्यटक गरी एक हजार ६५ जना पर्यटकले भ्रमण गरेका थिए । निकुञ्जभित्र माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिरजस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहजस्ता प्राकृतिक तथा मनोरम दह पर्यटकको प्रमुख आकर्षणको केन्द्र बनेका छन् । निकुञ्जभित्र पानीको सहज उपलब्धतासँगै
पाटेबाघसहितका जन्तुको संख्या पनि वृद्धि भएको छ । निकुञ्जले गरेको सन् २०२२ को बाघ गणनाअनुसार पाटेबाघको संखया ४१ पुगेको छ । निकुञ्जले प्राकृतिक रूपमा कृत्रिम पोखरी निर्माण गरेपछि वन्यजन्तुको संख्या बढेको हो । कुल छ सय २७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जभित्र पाटेबाघ, भालु, गैँडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाईजस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतली पाइन्छन् । निकुञ्जको भ्रमणमा आउने पाहुनाका स्वागतमा निकुञ्जको मध्यवर्ती क्षेत्रको ‘बफर जोन’मा सुनाखरी मध्यवर्ती सामुदायिक घरबास सञ्चालन गरिएको छ । स्थानीय संस्कृतिअनुसार सुनाखरी सामुदायिक घरबासले विविध परिकार पस्केर पाहुनालाई आकर्षित गर्दै आएको छ ।




VACANCY ANNOUNCEMENT

BHC (100Bed) Super speciality Hospital is looking for energetic & result-oriented FULL TIME candidates for following positions:-

| SN. | POSITION | QTY. | QUALIFICATIONS |
|---|---|---|---|
| 1 | Consultant Nephrologist | 1 | DM / MD Nephrology |
| 2 | Consultant Cardiologist | 1 | DM / MD cardiology |
| 3 | Consultant Orthopaedics | 1 | MS Ortho |
| 4 | Consultant Gynaecologist | 1 | MS Gynae & OBS |
| 5 | Consultant Radiologist | 1 | MD Radiology |
| 6 | Consultant Psychiatrist | 1 | MD Pshychiatry |
| 7 | Consultant ENT Surgeon | 1 | MS ENT |
| 8 | Consultant Urologist | 1 | MCh / MS Urology |
| 9 | Dental Surgeon | 1 | BDS |
| 10 | Medical Officer | 3 | MBBS |
| 11 | Nurse | 10 | PCL Nursing / HA / CMA |

Growth oriented candidates can send application along with updated CV & Documents to info@bhchospital.com

BIRGUNJ HEALTH CARE HOSPITAL
SUPER SPECIALITY HOSPITAL
BAHUWARI-14, BIRGUNJ, PARSA
+977-9814292004, 051411100 Email us:- info@bhchospital.com

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन